# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १५७ | काठमाडौं | आइतबार, ११ असोज २०८३ | Prabhab National Daily | Sunday, 27 September 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |-


# बाढीपहिरो र डुबानले देशभर जनजीवन अस्तव्यस्त

## चार जनाको मृत्यु, सयौं परिवार विस्थापित

- मृत्यु हुनेमा बेगमाया दमाई- ५८ वर्ष, रूकुम पश्चिम, मनरूप केसी- ३३ वर्ष, डोल्पा, मनबहादुर रोका- ५९, बागलुङ र कृष्णकुमारी सारू- ५९ वर्ष, पाल्पा
- हुम्लाको सिमिकोटमा ४८ वर्षयताकै ठूलो वर्षा, ११४.८ मिलिमिटर पानी
- देशका कम्तीमा २० वर्षा मापन केन्द्रमा १०० मिलिमिटरभन्दा बढी वर्षा
- नारायणी नदीको जलसतह सतर्कता तह पार
- सुस्तामा ७० भन्दा बढी घर डुबानमा, करिब ४०० जना सुरक्षित स्थानमा सारिए
- बाढीपहिरोका कारण गुल्मी, नवलपरासी पश्चिम र कञ्चनपुरमा परिवार विस्थापित
- सुस्ताका १६३ परिवारसहित विभिन्न जिल्लाका परिवार सुरक्षित स्थानमा स्थानान्तरण



**अविरल वर्षाका कारण नारायणी नदीमा बढेको पानीको सतह । नदीमा पानीको सतह बढेपछि नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को नदी तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सारिएको छ ।** *तस्बिरः रासस*

■ **जेबी योञ्जन**

**काठमाडौं–** लगातारको वर्षासँगै देशको विभिन्न भूभागमा बाढी, पहिरो र डुबानका कारण जनधनको क्षति भएको छ । शनिबार राति अबेरसम्मको विवरणअनुसार चार जनाले ज्यान गुमाएका छन् ।

रुकुम पश्चिममा खोलाले बगाउँदा ५८ वर्षीया बेगमाया दमाईको मृत्यु भएको छ । मुसिकोट नगरपालिका-११ स्याउलीबारकी दमाईलाई लहुँबाट सिम्रुतु खोला तरेर स्याउलीबजार जाने क्रममा खोलाले बगाएको थियो ।

क्रमशः पृष्ठ २ मा

# राष्ट्रसंघीय महासभामा सहभागी भएर स्वदेश फर्किए प्रधानमन्त्री



- अमेरिकाको न्युयोर्कबाट दोहाहुँदै शनिबार साँझ काठमाडौं आइपुगे
- अन्तर्राष्ट्रिय मञ्चमा नेपालको छवि एवं प्रतिष्ठा अभिवृद्धि भएको पराराष्ट्रको दाबी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसंघको ८१औं महासभामा सहभागी भई शनिबार स्वदेश फर्किएका छन् । उनी अमेरिकाको न्युयोर्कबाट दोहाहुँदै शनिबार साँझ काठमाडौं आइपुगेका हुन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उनलाई अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, गृहमन्त्री सुधन गुरुङ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले स्वागत गरेका थिए ।

प्रधानमन्त्री शाह नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै महासभाको उच्चस्तरीय सप्ताहमा सहभागी हुन यही असोज ६ गते संयुक्त राज्य अमेरिकाको न्युयोर्क प्रस्थान गरेका थिए । उनले शुक्रबार महासभालाई सम्बोधन गरेका थिए ।

सम्बोधनका क्रममा प्रधानमन्त्री शाहले 'जलवायु न्याय' संयुक्त राष्ट्रसंघको दस्तावेजमा सुन्दर वाक्यमामात्र सीमित हुन नहुने उल्लेख गर्दै हाम्रा देशका मानिसलाई बारम्बार विगतको पुनर्निर्माणमा संलग्न गराइनुको साटो आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्नेमा जोड दिएका थिए । उनले गत भदौ १० गते भोटेकोशी नदीमा गएको बाढीबाट भएको जनधनको क्षतिबारे जानकारी गराउँदै उक्त विपद् स्थानीय त्रासदीमात्रै नभई विश्वका लागि एउटा चेतावनी पनि भएको उल्लेख गरेका थिए ।

उनले सम्बोधनका क्रममा जलवायु परिवर्तनले भौगोलिक सीमा नचिन्ने तथा 'हिमनदी र बाढी 'पासपोर्ट'मा 'भिसा' लगाएर यात्रा गर्दैनन्' भनी उल्लेख गरेका थिए ।

क्रमशः पृष्ठ २ मा


सफलताको १९ वर्ष पूरा

२०औं वर्षमा प्रवेश

बैंक स्थापनाको १९ वर्ष पूरा गरी २० औं वर्ष प्रवेश गरेको शुभ अवसरमा हामीलाई निरन्तर प्रेरणा, प्रोत्साहन र मार्गदर्शन प्रदान गर्नु हुने सम्पूर्ण ग्राहक महानुभावहरु, नियामक निकाय, सञ्चारजगत, कर्मचारी लगायत शुभेच्छुक महानुभावहरुमा हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछौं ।

यस शुभ अवसरमा हामी आगामी दिनमा अझ प्रतिस्पर्धी, गुणस्तरीय एवं नवीनतम् बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
'A' Class Institution Licensed by Nepal Rastra Bank

Central Office: Kamalpokhari, Kathmandu, Nepal,
+977 01-4523254, 01-4523432/3 & 01- 4523436, info@pcbl.com.np


**सन्दर्भः वैदेशिक रोजगार**

## 'सिण्डिकेट' प्रकरणले गिजोलिएको मलेसिया रोजगारी

# उच्चस्तरीय संवादपछि समस्या सुल्झिने आशा

■ **ममता थापा**

**काठमाडौं–** मलेसियाले विदेशी श्रमिक भर्ना प्रक्रियालाई व्यवस्थित बनाउने भनेर कार्यान्वयन गर्न खोजेको नयाँ प्रणाली नेपालमा कार्यान्वयनमै नआई विवादित बनेको छ । उक्त मुलुकले लागू गर्न खोजिएको विदेशी कामदारको एकीकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस) मा व्यवसायी छनोट प्रक्रिया र कानुनी आधारमा प्रश्न उठेको छ ।

मलेसियाले सीमित व्यवसायीलाई मात्र प्रणालीमा राखेदेखि नै समान अवसरको माग राख्दै व्यवसायीहरू निरन्तर विरोधमा छन् । यो विषय अहिले दुई देशका प्रधानमन्त्रीस्तरमै छलफलको विषय बनेको छ । प्रधानमन्त्री वालेन्द्र शाह आफैंले मलेसियाका समकक्षीसँग टेलिफोन संवादमार्फत यो विषय उठाएपछि समाधान हुने आशा पलाएको व्यवसायीहरू बताउँछन् ।

प्रधानमन्त्री शाहले गत मंगलबार मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमसँगको फोनवार्तामा मलेसियाको रोजगारी क्षेत्रमा रहेको सिण्डिकेट र बिचौलिया प्रथा रोक्न आग्रह गरेका थिए । उनले मलेसियाको रोजगारीमा धेरै समस्या रहेको र त्यसबाट नेपाली श्रमिकहरू प्रताडित रहेकोले समस्या समाधान गर्न ध्यानाकर्षण गराएका थिए ।



> प्रधानमन्त्री र विभागीय मन्त्रीस्तरबाट भएका पहलले मलेसिया रोजगारीमा देखिएको संकट समाधान हुने आशा जगाएको छ । यद्यपि, मलेसियाले स्पष्ट जवाफ नदिएका कारण अझै यो विवाद लम्बिने सम्भावना देखिन्छ ।

'हामीलाई सिण्डिकेट र बिचौलियातन्त्र मन पर्दैन र यो कुनै पनि हालतमा स्वीकार्य छैन । यसले श्रमिकहरूलाई मारमा पारेको छ । त्यसैले तपाईंका श्रममन्त्रीलाई हाम्रा श्रममन्त्रीसँग प्रत्यक्ष वार्तामा बस्न र यो समस्या सधैंका लागि हटाउन आवश्यक कदम चाल्न आग्रह गर्दछु,' प्रधानमन्त्री शाहले भनेका थिए ।

जवाफमा मलेसियाली प्रधानमन्त्री इब्राहिमले पनि यस्ता प्रवृत्तिको विरुद्धमा आफू रहेको उल्लेख गरेका थिए । मलेसियाली प्रधानमन्त्रीले भनेका थिए, 'यस्तो गलत र शोषणकारी परिपाटीको म पनि पूर्ण विरुद्धमा छु । म तुरुन्तै हाम्रा श्रममन्त्रीलाई यस विषयमा नेपाली समकक्षीसँग छलफल गरी ठोस निकास निकाल्न निर्देशन दिन्छु ।'

प्रधानमन्त्रीद्वयबीचको फोनवार्ता भएको दुई दिनपछि अर्थात् गत बिहीबार युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले मलेसियाका मानव संसाधनमन्त्री दातुक सेरी रामानन रामाकृष्णननसँगको टेलिफोन संवादमार्फत सबै व्यवसायीलाई अवसर हुनेगरी मलेसियाको रोजगारी खुला गर्न आग्रह गरे ।

जवाफमा मलेसियाका मानव संसाधनमन्त्रीले मलेसिया सरकारले नेपालसँगको श्रम सम्बन्धलाई उच्च प्राथमिकतामा राखेको र सुरक्षित, मर्यादित र पारदर्शी श्रम आप्रवासनका पक्षमा रहेको बताएका थिए । मलेसिया सरकारले हाल लागू गरिएको प्रणालीले नेपालमा विकसित अवस्था र नेपालको अनुरोधलाई उच्च प्राथमिकतामा छलफलमा राख्ने उनले बताएका थिए ।

प्रधानमन्त्री र विभागीय मन्त्रीस्तरबाट भएका यी पहलले मलेसिया रोजगारीमा देखिएको संकट समाधान हुने आशा जगाएको हो । यद्यपि, मलेसियाले स्पष्ट जवाफ नदिएको कारण अझै यो विवाद लम्बिने सम्भावना देखिन्छ ।

मलेसियाको मानव संसाधन मन्त्रालयले गत अगस्ट २२ तारिखबाट कार्यान्वयन हुने भन्दै एफडब्ल्युसिएमएसमा नेपालका २५ वटा म्यानपावर कम्पनीलाई मात्र सूचीकृत गरेको थियो । जसको आशय नेपालमा हाल सक्रिय रहेका ११ सय इजाजतपत्र प्राप्त संस्थामध्येबाट २५ वटाले मात्र मलेसियाको श्रमिक भर्ना प्रक्रियामा सहभागी हुन पाउने भन्ने थियो ।

क्रमशः पृष्ठ २ मा




सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

## पृष्ठ १ बाट क्रमशः

### बाढीपहिरो...

करिब २०-२५ मिटर तल बगाएपछि स्थानीयवासी र प्रहरीले उनको उद्धार गरेका थिए । उद्धार गर्दा उनी अचेत अवस्थामा थिइन् । जिल्ला अस्पताल सल्ले पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए ।

डोल्पामा पहिरोबाट खसेको ढुंगा लागेर ३३ वर्षीय मनरूप केसीको मृत्यु भएको छ । त्रिपुरासुन्दरी नगरपालिका-७ पहाडागाउँको रावलवाडामा त्रिपालको गोठमा सुतिरहेका बेला माथिबाट खसेको ढुंगाले लागेर उनी गम्भीर घाइते भएका थिए । उपचारका लागि स्वास्थ्य चौकी लैजाँदै गर्दा उनको मृत्यु भएको प्रहरीले जनाएको छ । सोही घटनामा ३८ वर्षीय चन्द्ररूप केसी सामान्य घाइते भएका छन् ।

बागलुङको ताराखोला गाउँपालिका-५ धस्मरमा पहिरोमा पुरिएर ५९ वर्षीय मनबहादुर रोकाको मृत्यु भएको छ । घरमाथिबाट खसेको पहिरोले उनलाई सुत्ने कोठामै पुरेको प्रहरीले जनाएको छ । पाल्पाको रिब्दीकोट गाउँपालिका-६ ढुस्टुङमा पहिरोले बेपत्ता बनाएकी ५९ वर्षीया कृष्णकुमारी सारुको शव पनि भेटिएको छ ।

वर्षाका कारण देशका धेरै ठाउँमा जनजीवन प्रभावित भएको छ । सडक सञ्जाल अवरुद्ध हुँदा उद्धार, राहत तथा दैनिक उपभोग्य वस्तुको आपूर्तिमा समस्या देखिएको छ ।

सिमिकोटमा ४८ वर्षयताकै ठूलो वर्षा

हुम्लाको सदरमुकाम सिमिकोटमा वर्षाले ४८ वर्ष पुरानो रेकर्ड तोडेको छ । सिमिकोटमा असोज ९ गते बिहान ८:४५ बजेदेखि असोज १० गते बिहान ८:४५ बजेसम्म ११४.८ मिलिमिटर वर्षा मापन भएको हो ।

मौसम तथा जलवायु विज्ञान कार्यालय, सुर्खेतकी प्रमुख डा. इन्दिरा कडेलका अनुसार यो सिमिकोटमा सन् १९७८ देखि हालसम्म मापन गरिएको २४ घण्टे अवधिको सबैभन्दा ठूलो वर्षा हो ।

यसअघि सिमिकोटमा १९ अक्टोबर २०२१ मा २४ घण्टामा ११० मिलिमिटर वर्षा भएको थियो । त्यही वर्षालाई हालसम्मको उच्च वर्षा मानिएको थियो । तर, यसपटक ११४.८ मिलिमिटर वर्षा भएपछि उक्त रेकर्ड तोडिएको हो ।

सिमिकोटमामात्रै होइन, पछिल्लो २४ घण्टामा देशका विभिन्न क्षेत्रमा भारी वर्षा भएको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार कम्तीमा २० वटा वर्षा मापन केन्द्रमा १०० मिलिमिटरभन्दा बढी वर्षा भएको छ ।

मौसमविद् सञ्जीव अधिकारीका अनुसार १०० मिलिमिटरभन्दा बढी वर्षालाई 'धेरै भारी वर्षा' मानिन्छ । उनले प्रभावसँग भने, 'कम्तीमा हाम्रा २० वटा मापन केन्द्रहरूमा १०० मिलिमिटरभन्दा माथि पानी परेको मापन गरिएको छ । १०० मिलिमिटरभन्दा माथिको पानीलाई धेरै भारी वर्षा भन्ने गरिएको छ ।'

उनका अनुसार म्याग्दी, कास्की, लमजुङ, मनाङ, गोरखा, स्याङ्जा, पाल्पा, अर्घाखाँची, बाँके, बर्दिया, दैलेख, कालिकोट, सुर्खेत, हुम्ला, अछाम, डोटी र डडेलधुरालगायतका क्षेत्रमा भारी वर्षा भएको छ । हिमाली भूभागमा मध्यमदेखि भारी हिमपातसमेत भएको छ ।

#### सुस्ता डुब्यो, नारायणीमा खतरा

लगातारको वर्षापछि नारायणी नदीको जलसतह सतर्कता तह पार गरेको छ । बिहीबारदेखि परेको वर्षाका कारण नदीको बहाव बढ्दै गएपछि नारायणीको पानी सतर्कता तहभन्दा माथि पुगेको हो ।

नारायणी बेसिन कार्यालय, चितवनका अनुसार नदीमा पानीको सतह ८.३० मिटर पुगेको छ । नारायणीमा ७.३० मिटरलाई सतर्कता तह मानिन्छ । कार्यालयका प्रमुख सुमित अधिकारीका अनुसार नदीको बहाव निरन्तर बढिरहेको छ । उनले तटीय क्षेत्रका बासिन्दालाई सतर्क रहन आग्रह गरेका छन् ।

नारायणीमा जलसतह बढेसँगै नवलपरासी पश्चिमको सुस्ता क्षेत्रमा डुबान भएको छ । नदीको पानी बस्तीमा पसेपछि ७० भन्दा बढी घर डुबानमा परेको स्थानीय प्रशासनले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालका अनुसार प्रभावित बासिन्दालाई सुरक्षित स्थानमा सारिएको छ । 'करिब एक हजार बासिन्दा हुनुहुन्छ । तर कतिपय आफन्तकहाँ जानुभएको छ भने ४०० जतिलाई हामीले सुरक्षित स्थानमा अहिले सारेका छौं,' उनले भने ।

डुबान प्रभावित क्षेत्रमा सशस्त्र प्रहरी परिचालन गरिएको छ । सुरक्षाकर्मीले स्थानीयलाई सुरक्षित स्थानतर्फ सार्न सहयोग गरेका थिए ।

#### मौसममा सुधार आउने

लगातारको वर्षाले देशभर जनजीवन प्रभावित भइरहेका बेला मौसममा भने आइतबार दिउँसोदेखि क्रमिक सुधार आउने भएको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार आइतबार दिउँसोदेखि वर्षाको क्रम घट्दै जाने र सोमबारसम्म अधिकांश क्षेत्रमा मौसममा उल्लेख्य सुधार हुने छ ।

हाल देशभर मनसुनी वायुका साथै पश्चिमी वायुकोसमेत आंशिक प्रभाव रहेको छ । भारतको उत्तर प्रदेश आसपास रहेको न्यूनचापीय प्रणालीको प्रभावले नेपालमा वर्षा भइरहेको मौसमविद्हरूले बताएका छन् । मौसमविद् सञ्जीव अधिकारीका अनुसार उक्त न्यूनचापीय प्रणाली आगामी १२ घण्टामा क्रमशः कमजोर हुने सम्भावना छ । 'आइतबार गण्डकीदेखि पश्चिमका प्रदेशमामात्रै रहने र बागमती प्रदेशमा धेरै सुधार आइसक्ने देखिन्छ,' उनले भने ।

महाशाखाका गण्डकीदेखि पश्चिमसम्म मात्रै वर्षाको प्रभाव रहने र बागमती प्रदेशमा मौसममा सुधार आइसक्ने पूर्वानुमान छ । यसपटकको भारी वर्षाले हिमाली, पहाडी तथा तराईका विभिन्न क्षेत्रमा बाढी, पहिरो र डुबानको जोखिम बढाएको छ ।

#### ११ राजमार्ग अवरुद्ध

अविरल वर्षापछि गएको पहिरोले गर्दा देशको विभिन्न राजमार्ग अवरुद्ध भएका छन् । काभ्रेको रोशी खोलाले डाइभर्सन बगाउनुका साथै विभिन्न स्थानमा पहिरो गएपछि पूर्वी नेपाललाई काठमाडौंसँग जोड्ने बिपी राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको छ । कृष्णभीरलगायत क्षेत्रमा पहिरो खसेपछि पृथ्वी राजमार्गसमेत अवरुद्ध भएको छ ।

पहिरोका कारण कालीगण्डकी करिडोर र मनाङको चामे-बेंसीसहर सडकखण्ड पनि पूर्णरूपमा बन्द भएका छन् । हेटौंडा उपमहानगरपालिका-१९ स्थित नेवारपानीमा पहिरो जाँदा महेन्द्र राजमार्ग अवरुद्ध भएको प्रहरीले जनाएको छ । बाढीका कारण पासाङल्हामु सडकखण्डसमेत अवरुद्ध छ । लगातार पानी परिरहेकाले थप पहिरो र बाढीको जोखिम बढेको छ ।

प्रहरीले जोखिमयुक्त सडकमा रात्रिकालीन आवतजावतमा रोक लगाएको जनाएको छ । सडक खुलाउन सम्बन्धित निकायले पहिरो पन्छाउने काम गरिरहेका छन् । यस्तै, प्रहरीले सुदूरपश्चिम प्रदेशको सात जिल्लामा आजसम्मका लागि सवारी आवागमन ठप्प भएको छ ।

#### सुरक्षित स्थानमा सारियो

बाढीपहिरोका कारण देशका विभिन्न जिल्लामा घरपरिवार विस्थापित हुन थालेका छन् । बस्तीमा बाढी पस्ने र पहिरो खस्ने जोखिम बढेपछि गुल्मी, पश्चिम नवलपरासी र कञ्चनपुरका १८७ परिवार घर छाडेर सुरक्षित स्थानमा पुगेका छन् ।

पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ मा नारायणी नदीको बाढीका कारण मात्रै १६३ परिवार प्रभावित भएका छन् । थारुटोलमा बाढी पसेपछि ७८ परिवारलाई होल्डिङ सेन्टरमा सारिएको छ । त्यस्तै सैनिक टोल र बड्का टोलमा समेत बाढी पसेपछि थप ८५ परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ ।

सुस्तामा बाढीको जोखिम अझै कायम छ । नारायणी नदीको पानीको सतह बढिरहेको स्थानीयले बताएका छन् । निर्माणाधीन तटबन्धको १३२ मिटर भाग निर्माण हुन बाँकी रहेकाले नदी कटानको जोखिमसमेत रहेको स्थानीयको भनाइ छ । बाढीमा फसेका २९ जनालाई सशस्त्र प्रहरीले उद्धार गरेको छ । उनीहरूलाई पनि सुस्ता-५ स्थित होल्डिङ सेन्टरमा राखिएको छ । उद्धार टोलीले एक गाई र १३ बाख्रासमेत सुरक्षित स्थानमा सारेको छ ।

कञ्चनपुरमा पनि नदी आसपासका बस्तीका परिवार घर छाडेर सुरक्षित स्थानमा पुगेका छन् । दोधारा-चाँदनी नगरपालिका-८ जर्का टोलका १० परिवार घर छाडेर जनज्योति माध्यमिक विद्यालयमा आश्रय लिन पुगेका छन् । यसअघि वडा नम्बर ३ पटेराखल्लाका १४ परिवार पनि वडा कार्यालय र जमुना आधारभूत विद्यालयमा सरेका थिए ।

यसैबीच गुल्मीमा बाढीभन्दा पहिरोको जोखिमका कारण परिवार विस्थापित भएका छन् । रेसुङ्गा नगरपालिका-४ सेउघामा पहिरो खस्दा दुई घर जोखिममा परेपछि ती घरका ६ जनालाई प्रहरीले सुरक्षित स्थानमा सारेको छ । मुसिकोट नगरपालिका-२ झरुवामा पनि पहिरोले एक घरमा क्षति पुऱ्याएपछि घरमा रहेका मानिस र सरसामान सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ ।

भारी वर्षाका कारण जोखिम बढ्दै गएपछि स्थानीय प्रशासन र सुरक्षाकर्मीले सम्भावित प्रभावित क्षेत्रको निगरानी तथा उद्धारलाई तीव्र बनाएका छन् ।

■■■

### राष्ट्रसंघीय महासभामा...

प्रधानमन्त्री शाहले नेपाल, भारत र चीनको नेतृत्वमा 'हिमालय जलवायु उत्थानशीलता संयन्त्र' स्थापना गर्न प्रस्ताव गरेका थिए ।

भ्रमणका क्रममा उनले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँग बिहीबार भेटवार्ता गरेका थिए । भेटका क्रममा महासचिव गुटेरेसले भोटेकोशी विपदमा भएको जनधनको क्षतिप्रति समवेदना व्यक्त गर्दै जलवायु मुद्दामा संयुक्त राष्ट्रसंघ नेपालसँग ऐक्यबद्ध रहेको बताएका थिए ।

यसैबीच परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसंघको ८१औं महासभामा सम्बोधन तथा महासभाअन्तर्गतका कार्यक्रममा नेपालको सक्रिय सहभागिताले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको छवि एवं प्रतिष्ठा अभिवृद्धि भएको बताएको छ ।

प्रधानमन्त्रीको भ्रमणबारे जानकारी दिन शनिबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा परराष्ट्र मन्त्रालयका निमित्त सचिव गणेशप्रसाद ढकालले उक्त कुरा बताएका हुन् ।

महासभामा सम्बोधनका क्रममा प्रधानमन्त्री शाहले गत महिना भोटेकोशीमा गएको विनाशकारी बाढीलाई जलवायु संकटको गम्भीर प्रभाव तथा विश्वका लागि चेतावनीका रूपमा प्रस्तुत गरेको निमित्त सचिव ढकालले बताए । प्रधानमन्त्री शाहले उक्त विपद्बाट भएको ठूलो जनधनको क्षति, भौतिक पूर्वाधार तथा जनजीविकामा परेको असरबारे विश्वसमुदायको ध्यानाकर्षण गराएको उनको भनाइ छ ।

■■■

### उच्चस्तरीय...

तर नेपाल सरकारले भने सुरुदेखि नै सीमित संस्थालाई मात्र पहुँच दिने व्यवस्थालाई अस्वीकार गर्दै आएको छ । जानकारहरूले पनि यस्तो प्रणाली श्रमिक र व्यवसायको हितमा नहुने बताउँदै आएका छन् ।

एफडब्लूसिएमएसले कामदारको भर्तीलाई पारदर्शी बनाउँदै रोजगारदाता, श्रमिक र मुलुकको हित संरक्षण गर्ने मलेसियाले बताउँदै आएको छ । यहाँ प्रणालीको उद्देश्य सकारात्मक देखिए पनि सहभागी हुने इजाजतपत्र प्राप्त संस्थाको छनोट भने स्पष्ट छैन । नेपाल सरकारले कम्पनी छनोट गर्दा प्रयोग गरिएको मूल्यांककन प्रणाली, मापदण्ड र प्रक्रिया के हो भन्दै प्रस्टयाउन भनेको छ । तर यसको जवाफ मलेसियाले दिन सकेको छैन ।

भर्ना प्रक्रियलाई पारदर्शी र व्यवस्थित बनाउने भनेर ल्याउन खोजिएको प्रणालीले श्रमिकले तिर्ने लागत घटाउँछ या बढाउँछ, बिचौलियाको भूमिकालाई के गर्छ ?, मलेसियाका सबै रोजगारदातासम्म समान पहुँच स्थापित गर्छ या गर्दैन भन्नेजस्ता विषयलाई प्रस्टयाएको पाइँदैन ।

त्यसमाथि पनि एफडब्ल्युसिएमएसमा छनोट भएका २५ कम्पनीले थप २५० संस्थालाई आफू मातहत काम गराउने भन्दै थप गरेपछि विषय झनै जटिल बनेको छ । यद्यपि २५० सहायक संस्थाहरू थपिए पनि मुख्य दोषी २५ संस्था नै हुने भन्दै सरकारले २५ संस्थाको पछिल्ला वर्षहरूको सबै कारोबारमाथि छानबिनका लागि प्रक्रिया अघि बढाइसकेको छ । हाल २७५ वटै संस्थाको मलेसियाको पूर्वस्वीकृति रोकिएको छ ।

मलेसिया नेपालीहरूको प्रमुख रोजगार गन्तव्य हो । उक्त मुलुकको रोजगारीमामात्र आश्रित व्यवसायीहरू ५०० भन्दा बढी रहेका बताइन्छ । नेपालले सबै इजाजतपत्र प्राप्त संस्थालाई समान अवसर दिनुपर्ने माग गरिरहेको छ । मलेसिया भने आफ्नो उद्देश्यबाट पछि हट्न नखोजेको देखिन्छ । मलेसियाको नयाँ प्रणाली सुधारका लागि ल्याइएको हो भने त्यसले नेपाल सरकारले राखेका प्रश्नको स्पष्ट जवाफ दिएर नेपालको कानुनको परिधिभित्र रहेर कार्यान्वयनमा ल्याउनुपर्ने श्रमविद्हरूको भनाइ छ । अन्यथा, पुरानो प्रक्रियामा रहेका समस्या हटाउने नाममा नयाँ स्वरूपको नियन्त्रण थपिने आशंका कायमै रहने उनीहरूको भनाइ छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७१/०७/१७ मा दर्ता भएको **श्री हलेसी सोलार मिनी ग्रिड कम्पनी (प्रा.लि. नं. १२७९१३)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैंतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार **खारेज** गरिनेछ ।

**मेधा बचत तथा ऋण सहकारी संस्था लि.**
Medha Saving and Credit Co-operative Ltd.

**साधारण सभा सम्बन्धी सूचना**

*प्रकाशित मिति २०८३/०६/११ गते*

**मेधा बचत तथा ऋण सहकारी संस्था लि.** को **१३औं वार्षिक साधारण सभा** मिति २०८३ असोज २४ गते शनिबारका दिन कार्यालय भवन, महाराजगंजमा बिहानको १०:०० बजेपछि हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई उपस्थितिको लागि अनुरोध छ ।

*नोट : विस्तृत जानकारी संस्थाको सूचना पाटीमा टाँस गरिएको छ ।)*

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १३ अंक १५६ असोज १० गते २०८३ मा प्रकाशित Rasuwa Overseas Pvt. Ltd. को मलेसिया देशको Expert Security Services Sdn Bhd कम्पनीका विज्ञापनको Lot No. 348628 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

**Rasuwa Overseas Pvt. Ltd.**
Airport, Kathmandu, Nepal, Tel.: 01-5906439/5906448, Suresh Lama 9801300074 / Dawa Lama 9742546470, Dinesh Lama 9851354485 / E-Mail : rasuwaoverseas@gmail.com, Website : www.rasuwaoverseas.com

**साउदीमा रोजगार** कम्पनी : S PACK PLASTIC FACTORY COMPANY — सेवा शुल्क: निःशुल्क

पूर्व स्वीकृति मिति : २०८३/०३/११ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/१० LT. No. 344081 चलानी नं. ६०२६१२१४

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: SR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Worker | 1 | 0 | 1200 | ४८,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज १८ गते (4th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
इ.प.नं.११४२/०७३/०७४ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact No. 9813048931 (Mazid), E-mail : alkausar.hrm@gmail.com

**तु-आवश्यकता**

यस कम्पनीका लागि निम्न कर्मचारीहरू आवश्यकता भएकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथाशीघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Documentation Oficer - 2, Female (Mofa/Dofe) तथा म्यानपावर साउदीका लागि डकुमेन्टेसनमा दक्ष व्यक्ति ।
2. Receptionist -2 Female, राम्रो Communication Skill तथा साउदी देशका लागि व्यास्थापनमा दक्ष व्यक्ति भएको ।
3. Office Secretary - 2, MBC, Demand Set तथा Mofa/Dofe सम्बन्धी कार्यमा दक्ष ।
4. Accountant - 1 म्यानपावर कम्पनी सम्बन्धी लेखा तथा प्रशासनिक कार्यमा दक्ष ।

नोटः + 2 Passed, अङ्ग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने, म्यानपावर क्षेत्रमा Accountant सम्बन्धी अनुभव भएकोलाई विशेष प्राथमिकता दिइने छ ।

- तलबः योगयता तथा अनुभवअनुसार Negotiable
- आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

LIC No. 1082/073/74
**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Mob : 9852651444, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**आइतबार, ११ असोज, २०८३**

| राशि | राशिफल |
|---|---|
| मेष | नयाँ काम सुरु गर्न दिन अनुकूल छ । साथीभाइबाट महत्वपूर्ण सहयोग मिल्नेछ । |
| वृष | पेशागत क्षेत्रमा प्रगतिको संकेत छ । आत्मविश्वासका साथ निर्णय लिनु लाभदायी हुनेछ । |
| मिथुन | यात्राको अवसर आउन सक्छ । अध्ययन तथा काममा उत्साह बढ्नेछ । |
| कर्कट | आम्दानीका नयाँ स्रोत खुल्न सक्छन् । पारिवारिक वातावरण सुखद रहनेछ । |
| सिंह | पुराना समस्या समाधानतर्फ जानेछन् । नयाँ जिम्मेवारीले भविष्यमा फाइदा दिनेछ । |
| कन्या | मनमा उत्साह र सकारात्मक सोच बढ्नेछ । रोकिएको आर्थिक काम पूरा हुने सम्भावना छ । |
| तुला | काममा नयाँ अवसर मिल्नेछ । आर्थिक पक्षमा सुधार आउनुका साथै आत्मविश्वास बढ्नेछ । |
| वृश्चिक | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट सहयोग र साथ प्राप्त हुनेछ । |
| धनु | नयाँ योजना बनाउन अनुकूल दिन छ । व्यापार-व्यवसायमा लाभको सम्भावना छ । |
| मकर | काममा जिम्मेवारी बढ्न सक्छ । धैर्यपूर्वक अघि बढ्दा सफलता हात लाग्नेछ । |
| कुम्भ | सामाजिक क्षेत्रमा सम्मान बढ्नेछ । नयाँ सम्पर्कबाट उपयोगी अवसर मिल्न सक्छ । |
| मीन | आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । मेहनतअनुसार राम्रो परिणाम प्राप्त हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

११ असोज, २०८३ (२७ सेप्टेम्बर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५३.०१ | १५३.६१ |
| युरो | १ | १७४.३२ | १७५.०० |
| पाउन्ड स्टिर्लङ | १ | २०२.६४ | २०३.४३ |
| स्विस फ्रैन्क | १ | १८४.४६ | १८५.१८ |
| अस्ट्रेलियन डलर | १ | १०७.५५ | १०७.९७ |
| क्यानाडियन डलर | १ | १०८.१८ | १०८.६० |
| सिङगापुर डलर | १ | ११९.७३ | १२०.२० |
| जापानी येन | १० | ९.६८ | ९.७२ |
| चिनियाँ युआन | १ | २२.७९ | २२.८८ |
| साउदी अरब रियाल | १ | ४०.७५ | ४०.९१ |
| कतारी रियाल | १ | ४२.०० | ४२.१६ |
| थाई भाट | १ | ४.५९ | ४.६० |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.६६ | ४१.८२ |
| मलेसियन रिङेट | १ | ३७.५६ | ३७.७० |
| दक्षिण कोरियन वन | १०० | ११.२९ | ११.३३ |
| स्विडिस क्रोनर | १ | १५.४४ | १५.५१ |
| डेनिस क्रोनर | १ | २३.३२ | २३.४१ |
| हङकङ डलर | १ | १९.५१ | १९.५८ |
| कुवेती दिनार | १ | ४९७.२७ | ४९९.२२ |
| बहराइन दिनार | १ | ४०५.८९ | ४०७.४८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**पाँचौंपटक जिब्रो छेड्ने वीरेन्द्रभक्त**

यँया पुन्हि (इन्द्रजात्रा) का अवसरमा भक्तपुरको मध्यपुर थिमि–५ स्थित दिगु भैरव मन्दिर परिसरमा शनिबार बेलुका जिब्रो छेडेका वीरेन्द्रभक्त गजू श्रेष्ठ करिब २० किलो तौलको अर्धचन्द्राकार 'भ्ये दीप' काँधमा बोकी नगर परिक्रमा गर्दै । परम्परादेखि चल्दै आएको जिब्रो छेड्ने जात्राअन्तर्गत श्रेष्ठले जिब्रो छेडेको यो पाँचौंपटक हो ।

*तस्बिर: रासस*

# सेतीको बहाव बढेर रामघाटमा ताल बनेपछि उच्च सतर्कता



**कास्की–** पोखराको मध्यभाग भएर बग्ने सेती नदीको रामघाटमा अविरल वर्षाले ताल बनेपछि सो क्षेत्रमा सतर्कता अपनाइएको छ । रामघाटमा पानीको सतह बढ्दै जाँदा नदी किनारमा रहेका पोखरा-९ र पोखरा-११ का सुकुमबासी बस्ती, रामघाट, शान्तिघाट तथा बौद्ध गुम्बाका शवदाह गृहहरूसमेत जलमग्न भई जोखिममा परेका छन् ।

सेतीमा पानीको बहाव बढेर रामघाटमा ताल बनेपछि त्यस वरपरको सुकुमवासी बस्तीमा सुरक्षाकर्मी परिचालन गरी सतर्कता अपनाइएको र प्रहरीले निरन्तर निगरानी गरिरहेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बरालले जानकारी दिए ।

उनका अनुसार प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङको नेतृत्वमा जिल्ला सुरक्षा समितिका पदाधिकारीले रामघाट वरपरको क्षेत्रको स्थलगत अनुगमन गरेका छन् । 'विगतमा जस्तै पानीको उच्च बहावले ताल बने पनि अहिल्यै आत्तिनुपर्ने अवस्था नभएको स्वयं स्थानीयले बताएका छन् । हामीले सुरक्षाकर्मी परिचालन गरी पूर्वसावधानी र जोखिम मूल्यांकन गरिरहेका छौं । अहिलेको अवस्था हेर्दा आतंकित हुनेभन्दा सतर्क र सचेत बन्नु आवश्यक छ । खतरा हुनेबित्तिकै नदीको वारी र पारि दुवैतर्फ रहेका बस्तीका मानिसहरूलाई सुरक्षित स्थानमा लैजान्छौं,' सहायक प्रजिअ बरालले भने ।

बजारको मध्य भाग भएर बग्ने नदीको बहाव रोकिएर ताल बनेपछि पोखरेली भने त्रसित छन् । यसैगरी अविरल वर्षाका कारण जिल्लामा केही ग्रामीण सडकहरू भने अवरुद्ध भएका छन् । कास्कीको अन्नपूर्ण गाउँपालिका-८ स्याउली बजारमा मोदी खोलाले सडक कटान गर्दा नयाँपुल-बिरेठाँटी-घान्द्रुक सडक अवरुद्ध भएको छ ।

मोदीले शुक्रबार साँझ स्याउली बजारमा १० मिटर सडक कटान गरेको गाउँपालिका प्रवक्ता भरतमान गुरूङले जानकारी दिए । उनका अनुसार सडक अवरुद्ध हुँदा पर्यटकीय क्षेत्र घान्द्रुकको पोखरासँगको सम्पर्क विच्छेद् छ । *रासस*

# जलवायु जोखिममा रहेका मुलुकबीच सुदृढ सहकार्यमा परराष्ट्रमन्त्री खनालको जोड




**काठमाडौं–** परराष्ट्रमन्त्री शिशिर खनालले जलवायु परिवर्तनका कारण जोखिममा रहेका मुलुकहरूको साझा आवाजलाई सशक्त बनाउन हिमाली राष्ट्र र साना टापु विकासशील राष्ट्रबीच थप सुदृढ सहकार्य आवश्यक रहेको बताएका छन् ।

संयुक्त राष्ट्रसंघको ८१औं महासभाका अवसरमा जलवायु जोखिममा रहेका राष्ट्रहरूको मञ्च (सिभिएफ)का नेताहरूको बैठकलाई शनिबार सम्बोधन गर्दै उनले जलवायु न्याय सुनिश्चित गर्न सामूहिक पहलको आवश्यकता औंल्याएका परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ ।

बैठकमा बारबाडोसका प्रधानमन्त्रीसमेत रहेका जलवायु जोखिममा रहेका राष्ट्रहरूको मञ्चका अध्यक्ष मिया अमोर मोट्लीको नेतृत्वप्रति प्रशंसा व्यक्त गर्दै मन्त्री खनालले जलवायु जोखिममा रहेका राष्ट्रहरूको आवाजलाई विश्वमञ्चमा प्रभावकारीरूपमा उठाउँदै आएकोमा बारबाडोसको अध्यक्षतालाई धन्यवाद दिए ।

'भौगोलिकरूपमा बारबाडोस र नेपाल पृथ्वीका दुई फरक भूभागमा अवस्थित छन् । एक क्यारिबियनको समुद्रले घेरिएको टापु राष्ट्र र अर्को विश्वका सर्वोच्च हिमशिखरहरूले सुशोभित भूपरिवेष्ठित हिमाली राष्ट्र हो,' उनले भने, 'तर, पारिस्थितिक तथा अस्तित्वका दृष्टिले हाम्रो भविष्य अभिन्नरूपमा जोडिएको छ ।'

हिमालयमा तीव्र गतिमा भइरहेको हिमनदी पग्लाइले नदी प्रणाली हुँदै समुद्री सतह वृद्धिमा योगदान पुऱ्याउने उल्लेख गर्दै मन्त्री खनालले हिमाली तथा टापु राष्ट्रहरूले जलवायु संकटको समान प्रभाव भोगिरहेका बताए । 'हिमाली उपत्यकामा हुने हिमताल विस्फोटजन्य बाढीदेखि क्यारिबियनमा आउने शक्तिशाली आँधीसम्म, अग्रपंक्तिमा रहेका समुदायहरूले आफूले सिर्जना नगरेको उत्सर्जनको मूल्य आफ्नो जीवन, घर तथा दशकौंको विकास उपलब्धिमार्फत चुकाइरहेका छन्,' उनले भने ।

जलवायु परिवर्तनले सन् २०३० को दिगो विकास कार्यसूची कार्यान्वयनमा गम्भीर चुनौती सिर्जना गरेको उल्लेख गर्दै मन्त्री खनालले विश्वव्यापीरूपमा दिगो विकासका लक्ष्य अपेक्षित गतिमा अघि बढ्न नसकेको बताए । नेपालले दिगो विकासका क्षेत्रमा उल्लेखनीय प्रगति गरे पनि जलवायुजन्य विपद्ले हासिल गरिएका सामाजिक तथा आर्थिक उपलब्धिलाई बारम्बार प्रभावित गरिरहेको उनको भनाइ छ ।

गत भदौ १० गते (२६ अगस्ट)मा भएको विनाशकारी बाढीको उदाहरण दिँदै मन्त्री खनालले एकैपटक आएको विपद्ले महत्त्वपूर्ण राजमार्ग, जलविद्युत् आयोजना, विद्यालय, अस्पताल तथा स्थानीय समुदायको जीविकोपार्जनमा गम्भीर क्षति पुऱ्याएको उल्लेख गरे । 'अग्रपंक्तिमा रहेका मुलुकका लागि जलवायु परिवर्तनले दिगो विकासलाई निरन्तर कठिन संघर्षमा परिणत गरिरहेको छ,' उनले भने ।

नेपाल प्रकृतिमैत्री आर्थिक विकास, राष्ट्रिय रूपमा निर्धारित योगदान तथा सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जनको लक्ष्यप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री खनालले अन्तरराष्ट्रिय विकास प्रणालीमा पाँच क्षेत्रमा पुनर्संरचना आवश्यक रहेको बताएको उनको सचिवालयले जनाएको छ ।

पहिलो प्राथमिकताका रूपमा जलवायु उत्थानशील विकासलाई तीव्रता दिनुपर्ने बताउँदै उनले यातायात पूर्वाधारदेखि समुदायमा आधारित खानेपानी प्रणालीसम्म प्रत्येक पूर्वाधार लगानीलाई जलवायु जोखिम सामना गर्न सक्षम बनाउनुपर्ने धारणा व्यक्त गरे । जलवायुजन्य विपद्का कारण गम्भीर भुक्तानी सन्तुलनको दबाब उत्पन्न हुँदा शीघ्र वित्तीय स्रोत उपलब्ध गराउने 'लाइफलाइन फण्ड' को सञ्चालनलाई नेपालले स्वागत गरेको उनले बताए ।

दोस्रो प्राथमिकताका रूपमा विकास वित्त प्रणालीमा सुधार आवश्यक रहेको उल्लेख गर्दै मन्त्री खनालले जलवायुजन्य विपद् ऋण संकटमा परिणत हुन नहुने बताए । प्रधानमन्त्री मोट्लीको नेतृत्वमा अघि बढाइएको 'ब्रिजटाउन इनिसिएटिभ' तथा 'भल्नरेबिलिटी टु भाइबिलिटी कम्प्याक्ट'लाई समर्थन गर्दै उनले सहुलियतपूर्ण तथा अनुदानमा आधारित वित्तीय स्रोत विस्तार र ऋण भुक्तानी स्थगनसम्बन्धी प्रावधानलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

तेस्रो प्राथमिकताका रूपमा पूर्वानुमानमा आधारित विज्ञान तथा पूर्वसूचना प्रणालीमा लगानी बढाउनुपर्ने बताउँदै मन्त्री खनालले प्रभावमा आधारित पूर्वसूचना प्रणाली, वास्तविक समयका भू-उपग्रह तथ्यांक तथा सीमापार तथ्यांक आदानप्रदानलाई हिमाली हिमनदीदेखि समुद्रसम्म विस्तार गर्नुपर्ने धारणा व्यक्त गरे ।

चौथो प्राथमिकतामा हरित तथा डिजिटल रूपान्तरणलाई तीव्रता दिनुपर्नेमा जोड दिँदै परराष्ट्रमन्त्री खनालले जीवाश्म इन्धनबाट स्वच्छ ऊर्जातर्फ न्यायोचित रूपान्तरण आवश्यक रहेको बताए । स्वच्छ जलविद्युत् तथा क्षेत्रीय विद्युत् प्रसारण सञ्जाल विस्तारमार्फत नेपाल क्षेत्रीय हरित रूपान्तरणमा योगदान गर्न तयार रहेको उल्लेख गर्दै उनले यसबाट युवाका लागि डिजिटल अर्थतन्त्रका नयाँ अवसर सिर्जना गर्न सकिने बताए । *रासस*

# इन्द्रजात्राको रथयात्रा माथिल्लो टोलमा

**काठमाडौं (प्रस)–** ऐतिहासिक तथा सांस्कृतिक पर्व इन्द्रजात्राका अवसरमा शनिबार माथिल्लो टोलमा श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथयात्राको तयारी गरिएको छ ।

इन्द्रजात्राको मुख्य दिन शुक्रबार तल्लोटोलमा श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथयात्रा गरिएको थियो । भाद्र शुक्ल द्वादशीका दिन हनुमान ढोका दरबार क्षेत्रमा इन्द्रध्वजोत्थान गरी सुरु भएको इन्द्रजात्रा उपत्यकाको लामो जात्रा भएको गुठी संस्थान काठमाडौं शाखाका प्रमुख पवित्राकुमारी पाण्डेले जानकारी दिए ।

असोज १३ गते मंगलबार महिलालेमात्र रथ तानी नानीचा यात्रा चलाइने छ । त्यसै दिन बेलुकी राष्ट्रपति रामचन्द्र पौडेल हनुमानढोका दरबार गएर कुमारीबाट टीका एवं प्रसाद ग्रहण गर्ने छन् । टीका, प्रसाद ग्रहण गरेपछि राष्ट्राध्यक्षले कुमारीसँग खड्ग साट्ने परम्पर ासमेत छ ।

असोज १३ गते राति ०९:२५ बजे इन्द्रध्वजपातन गरेपछि दुई हप्ताभन्दा लामो इन्द्रजात्रा समाप्त हुन्छ । इन्द्रध्वजपातन गरेपछि इन्द्रजात्राको लिंगोलाई टेकु दोभानस्थित बागमती किनारमा सेलाइन्छ । लिंगो सेलाउन घिसारेर लैजाने परम्परा छ ।

नेपाल पञ्चांग निर्णायक विकास समितिले निकालेको साइतमा लिंगोका लागि रुख काट्न वनयात्रा गरेपछि यो जात्राको प्रक्रिया सुरु हुन्छ । वनयात्रा, रुख कटान, लिंगो नगर प्रवेशलगायतको विधिपछि भाद्र शुक्ल द्वादशीका दिन इन्द्र ध्वजोत्थान गरिन्छ ।

इन्द्रजात्रा प्रताप मल्लको पालामा सुरु भएको विश्वास गरिन्छ । इन्द्रजात्रामा रथयात्राको चलन भने राजा गुणकामदेवले सुरु गरेका थिए । वर्षा र सहकालका देवताका रूपमा पूजिने इन्द्रको शुक्रबार विधिपूर्वक पूजा आजा पनि गरिएको थियो । जात्राका अवसरमा लाखे नाच, दशअवतार नाचलगायत सांस्कृतिक झाँकी एवं नाचगान हुने परम्परा रही आएको छ ।

# १३ देशका लागि प्रस्तावित राजदूतविरुद्ध उजुरी आह्वान

**काठमाडौं (प्रस)–** सरकारले १३ देशका लागि राजदूत पदमा नियुक्तिका लागि सिफारिस गरेका व्यक्तिहरूको सम्बन्धमा कुनै सूचना वा उजुरी भए प्रमाणसहित पेस गर्न संसदीय सुनुवाइ समितिले आह्वान गरेको छ ।

समितिले शनिबार सार्वजनिक गरेको सूचनामा प्रस्तावित राजदूतका सम्बन्धमा कसैलाई नियुक्तिका लागि उपयुक्त छैन भन्ने लागेमा स्पष्ट आधार तथा सबुत प्रमाणसहित रीतपूर्वक उजुरी दिन सकिने जनाएको छ । सूचना पहिलोपटक प्रकाशित भएको मितिले १० दिनभित्र संघीय संसद्को सचिवालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सकिने व्यवस्था गरिएको संसदीय सुनुवाइ समितिले जनाएको छ ।

समितिले उजुरी गर्दा प्रस्तावित राजदूतको नाम, ठेगाना, पद तथा आफूले दिएको उजुरीको स्पष्ट आधार खुलाउन आग्रह गरेको छ । प्राप्त उजुरीमाथि आवश्यक प्रक्रिया पूरा गरी संसदीय सुनुवाइ गरिने सार्वजनिक सूचनामा जनाइएको छ ।

समितिको यही असोज ८ गतेको बैठकले सुनुवाइको प्रक्रिया सुरु गर्ने निर्णय गरेको थियो । मन्त्रिपरिषद्को असोज २ गतेको निर्णयअनुसार भारतका लागि डा. निश्चलनाथ पाण्डे, चीनका लागि डा. कल्याणराज शर्मा, संयुक्त राज्य अमेरिकाका लागि चिरनजंग थापा, बेलायतका लागि गौरवशमशेर जंगबहादुर राणा र जर्मनीका लागि सरू जोशीलाई राजदूतमा सिफारिस गरिएको छ ।

त्यसैगरी इजरायलका लागि सुरेशकुमार कर्ण, स्पेनका लागि प्राप्ति शेरचन, जापानका लागि जिज्ञानकुमार थापा, ओमानका लागि डा. पदमाक्षी राणा, मलेसियाका लागि चूडामणि खरेल, दक्षिण कोरियाका लागि प्रा.डा. संगम श्रेष्ठ, श्रीलंकाका लागि डा. मंचलाकुमारी झा र साउदी अरेबियाका लागि गिरीबहादुर सुनारलाई सिफारिस गरिएको छ । संसदीय सुनुवाइपछि नियुक्तिको प्रक्रिया अघि बढ्ने समितिले जनाएको छ ।

# देवराज इन्द्रलाई इन्द्रायणीलाई द्यो छैं भित्र्याउँदै समापन गरियो जात्रा



**भक्तपुर–** इन्द्र जात्रा सुरु भएदेखि भक्तपुरको इन्द्रदह अर्थात् सिद्धपोखरीमा लागेको मेला शनिबार साँझ बाजागाजाका साथ भक्तपुर नगरपालिका खौमास्थित इन्द्रायणी द्यो छें अर्थात् देवगृहमा भित्र्याएर सम्पन्न भएको छ ।

भाद्र शुक्ल पूर्णिमाको दिन बिहानैदेखि दिनभर इन्द्रदहमा स्नान गरी इन्द्रको पूजा गर्न दर्शनार्थीको घुइँचो लागेको थियो । शनिबार साँझ इन्द्र देवताको मूर्तिलाई खटमा राखी भक्तपुर यात्रा गर्दै द्यों छेमा भित्र्याएपछि मेला सम्पन्न भएको संस्कृति एवं इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले जानकारी दिए ।

इन्द्रायणी द्यो छें अर्थात् देवगृहबाट बाजागाजासहित शुक्रबार साँझ इन्द्रायणी देवताको मूर्तिलाई खटमा विराजमान गराइ 'वाचा मुकेगु' भनी आधा देश परिक्रमा गराइ बाजागाजासहित धुमधामसँग इन्द्रदह अर्थात् सिद्धपोखरीमा पुऱ्याइ साँझदेखि सुरु भएको मेला शनिबार इन्द्रदहबाट देवतालाई खटमा राखेर नगर परिक्रमा गरी देवगृहमा प्रवेश गराएर सम्पन्न गरेको छ ।

नेपाल सम्बत् २१८ मा शक्तिशाली युवराजको रूपमा चिनिएका इन्द्रदेवले आफ्नो नाममा उपत्यकाकै ठूलो पोखरी निर्माण गराएका कारण यो पोखरीको नाम इन्द्रदह रहन गएको प्रा.डा. श्रेष्ठको भनाइ छ ।

स्वर्गका राजा इन्द्रले स्नान गरेको हुँदा यसको नाम इन्द्र दह रहेको धार्मिक विश्वास छ । यसलाई 'ञँकीदह' पनि भनिन्छ । यसै दहमा भाद्र शुक्ल चतुर्दशीका 'चाक मता च्याकेगु' भनी चारैतिर बत्ती बाल्ने चलन छ ।

कृष्णदेखि रिसाएका इन्द्रले जनतालाई दु:ख दिन ठूलो असिना, पानी पारेपछि कृष्णले गोवर्द्धन पहाड औंलाले उठाएर जनताको रक्षा गरेको दिनको सम्झनामा स्वरूप इन्द्रदहमा मेला लाग्ने गरेको उनले बताए । राजतन्त्रको पराजय र जनताको विजयीको रूपमा पनि यो जात्रा मनाइने गरेको श्रेष्ठको भनाइ छ । *रासस*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# जलवायु न्यायको पुकार र विश्वमञ्चको परीक्षा

संयुक्त राष्ट्रसंघको ८१औं महासभामा प्रधानमन्त्री वालेन्द्र शाहले पेस गरेको सम्बोधन केवल औपचारिकतामा सीमित नभएर जलवायु संकटको अग्रपंक्तिमा रहेका साना र गरिब देशहरूको साझा पीडा एवं आक्रोशको बुलन्द आवाज बनेको छ । हालै नेपालले बेहोरेको भोटेकोशी–त्रिशूली महाविपद्‌लाई विश्वकै लागि एक गम्भीर चेतावनीका रूपमा प्रस्तुत गर्दै प्रधानमन्त्री शाहले अन्तर्राष्ट्रिय मञ्चमा जलवायु न्याय, क्षतिपूर्ति र त्रिदेशीय सहकार्यको जुन प्रस्ताव राखे, त्यो अत्यन्तै सामयिक, वस्तुनिष्ठ र वजनदार छ ।

विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा पनि नगण्य छ । तर, आफूले सिर्जना नगरेको संकटको अकल्पनीय र भारी मूल्य नेपाली जनताले ज्यान, सम्पत्ति र पूर्वाधारको विनाशमार्फत चुकाइरहेका छन् । प्रधानमन्त्रीले महासभामा भनेझैं जलवायु न्याय संयुक्त राष्ट्रसंघका दस्तावेज र घोषणापत्रमा सुन्दर वाक्यमामात्र सीमित रहनु हुँदैन । जबसम्म ऐतिहासिकरूपमा कार्बन उत्सर्जन गरी विश्व अर्थतन्त्रमा राज गरिरहेका र ठूलो वित्तीय क्षमता भएका विकसित राष्ट्रहरूले यसको वास्तविक उत्तरदायित्व लिँदैनन्, तबसम्म यस्ता सम्बोधनहरूको अर्थ रहँदैन ।

नेपालले अब विश्वबाट थप ऋणको बोझ होइन, अनुदानमा आधारित पर्याप्त र सहज सहयोगको माग गरेको छ । जलवायु वित्तलाई कर्मचारीतन्त्रको जटिल जाल बनाएर सहयोग पाउन वर्षौं कुराउनु आफैंमा अन्यायपूर्ण छ । यसका साथै, हिन्दूकुश हिमालय क्षेत्रको सुरक्षाका लागि नेपाल, भारत र चीनको नेतृत्वमा त्रिदेशीय जलवायु उत्थानशीलता संयन्त्र निर्माण गर्ने प्रस्ताव क्षेत्रीय सुरक्षा र विपद् व्यवस्थापनका दृष्टिले कोसेढुंगा साबित हुन सक्छ ।

प्रधानमन्त्री शाहले विश्वमञ्चमा नेपालको पक्ष निर्भीक भएर राखेका छन् र यस आवाजलाई विश्व समुदाय तथा परराष्ट्रविद्‌हरूले सकारात्मकरूपमा लिएका छन् । तर, भाषण र प्रतिबद्धताहरू आफैंमा अन्तिम समाधान होइनन् । नेपालको यो न्यायोचित पुकारको वास्तविक सफलता अब संयुक्त राष्ट्रसंघ, हरित जलवायु कोषजस्ता जलवायु वित्त संस्थाहरू र ठूला कार्बन उत्सर्जक राष्ट्रहरूले लिने आगामी ठोस कदम र नीतिगत ‘एक्सन’ मा देखिनुपर्छ ।

यदि संयुक्त राष्ट्रसंघले साना र कमजोर देशहरूको अस्तित्व जोगाउने हो भने उसले आफ्नो प्रक्रियालाई केवल मञ्चीय भाषणमा सीमित नराखी निर्णायकरूपमा परिचालन गर्नुपर्छ । ठूला र विकसित राष्ट्रहरूले जलवायु क्षतिपूर्तिका लागि छुट्ट्याइएको कोषमा अविलम्ब रकम जम्मा गर्ने र जलवायु वित्तको पहुँचलाई सर्वसुलभ बनाउनेतर्फ तत्परता देखाउनैपर्छ । युद्धका लागि क्षेप्यास्त्र र हतियारहरू सजिलै सिमाना पार गर्ने तर जलवायु संकटको मारमा परेका किसान र नागरिकले राहत र अनुदान नपाउने विभेदकारी विश्व व्यवस्थाको अन्त्य हुनुपर्छ ।

प्रधानमन्त्रीले उठाएका राहत, पुनःस्थापना, पुनर्निर्माण, जिम्मेवारी, क्षतिपूर्ति र उत्थानशीलताका एजेण्डालाई अन्तर्राष्ट्रिय समुदायले कत्तिको प्राथमिकतामा राख्छन् र कति छिटो वित्तीय एवं प्राविधिक सहयोगका रूपमा व्यवहारमा उतार्छन्, त्यसैमा यो सम्बोधनको वास्तविक सफलता निर्भर रहने छ । नेपालले आफ्नो दायित्व पूरा गरेको छह अब पालो विश्व समुदायको परीक्षाको हो ।

# विपद्‌पछिको मानसिक स्वास्थ्य र राज्यको दायित्व



❑ प्रेमनारायण भुसाल

> विपद् घटेको निश्चित समयपछि समाजमा व्यवस्थित मनोवैज्ञानिक परामर्शको काम सुरू हुनुपर्छ । यसका लागि राज्यले स्थानीय तहलाई पूर्णरूपमा सहयोग गर्नु आवश्यक छ । स्थानीय तहका माध्यमबाट मनोवैज्ञानिक परामर्शदाता, तालिमप्राप्त जनशक्ति र चिकित्सकलाई प्रभावित क्षेत्र तथा संरक्षणगृहमा खटाउनुपर्छ । संरक्षणगृहमा राखिएका पीडितका लागि मानसिक स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनुपर्छ । खानपान, निद्रा र व्यवहारमा निरन्तर विचलन आएका खण्डमा कहाँ र कसरी सहयोग लिने भन्ने विषयमा उनीहरूलाई सुसूचित गरिनुपर्छ ।

मानव जीवन सधैं एउटै लय र सहज गतिमा बग्दैन । सुखपछि दुःख र दुःखपछि सुखको चक्र प्रकृतिमा निरन्तर चलिरहने अकाट्य नियम हो । रातपछि दिन भएझैं प्राकृतिक विपत्ति, महामारी वा गम्भीर दुर्घटना समयसमयमा आइरहन्छन् तर यस्ता विपद्‌ले मानव जीवनमा छाड्ने प्रभाव सामान्य हुँदैन । धनजनको क्षतिसँगै विपत्तिले मानिसको मन र भावनामा पारेको गहिरो चोटले जनजीवनलाई लामो समयसम्म अस्तव्यस्त बनाइदिन्छ ।

हालैका दिनमा विपद्‌पछिको असहज परिस्थितिमा सामाजिक सञ्जालमा प्रसारण गरिने संवेदनहीन र उत्तेजक भिडियो, फोटो तथा भ्रामक सूचनाले पीडितका घाउमा नुनचुक छर्कने काम गरिरहेका छन् । आफन्त गुमाएको असह्य पीडा, शारीरिक कष्ट र अन्योलमा छटपटाइरहेका मानिसका लागि यस्ता नकारात्मक सामग्रीहरू झनै घातक बनिरहेका छन् । यसप्रति सम्बन्धित सबैपक्ष र नागरिक समाज जिम्मेवार हुनु अतिआवश्यक भइसकेको छ ।

कुनै पनि ठूलो विपद् वा दुर्घटनापछि मानिसमा तर्सिनु, अत्यधिक डराउनु, निद्रा नलाग्नु, खान मन नलाग्नु, मान्छे टोलाउनु वा व्यवहारमा अकस्मात् परिवर्तन देखापर्नु नितान्त स्वाभाविक मानिन्छ । मनोवैज्ञानिक सन्दर्भमा यसलाई ‘असामान्य परिस्थितिमा देखिने सामान्य प्रतिक्रिया’ भनिन्छ । यस्तो अवस्थामा व्यक्तिले आफूलाई एक्लो ठान्नु, निराश हुनु वा दैनिक मनोरञ्जनात्मक क्रियाकलापमा संलग्न हुन नसक्नु सामान्य नै हो ।

हाम्रो पूर्वीय संस्कार र समाजमा पनि यसको आफ्नै मनोवैज्ञानिक तथा व्यावहारिक पक्ष रहेको पाइन्छ । आफन्त गुमाउँदा १३-१४ दिनसम्म शोक मनाउने, दैनिक व्यावहारिक कामबाट अलग रही धार्मिक र आध्यात्मिक क्रियाकलापमा संलग्न हुने तथा इष्टमित्र र नातेदारले भेटघाट गरी सान्त्वना दिने परम्पराले व्यक्तिको मनमा रहेको गहिरो शोकलाई विस्तारै हलुका बनाउन मद्दत गर्छ । आधुनिक सञ्चारमाध्यम र प्रविधिको तीव्र विकाससँगै अहिले समाजमा एक-दुई दिन वा एकैछिन कोही चिन्तित वा भावुक भयो भने उसलाई मानसिक रोग लाग्यो भन्ने गलत भाष्य सिर्जना भएको छ । सबैभन्दा पहिला हामी के कुरामा स्पष्ट हुनुपर्छ भने मानसिक समस्या एक-दुई दिन वा एकैहप्तामा विकास भइहाल्ने विषय होइन । विपद्‌को तत्कालीन समयमा व्यक्ति आत्तिनु, हड्बडाउनु वा क्षणिकरूपमा अचेत हुनु पनि एकप्रकारको स्वाभाविक बचाउ प्रतिक्रिया नै हो ।

### कहिले चाहिन्छ संवेगात्मक र मनोवैज्ञानिक सहयोग ?

विपद्‌पछिको प्रारम्भिक चरणमा देखिने यस्ता लक्षण साथीभाइसँगको छलफल, आफन्तको ढाडस र दैनिक क्रियाकलापमा संलग्न हुँदै जाँदा बिस्तारै सामान्यीकरण हुँदै जानुपर्छ । सामान्यतया १५ देखि २० दिन वा तीन हप्ताको समयभित्र व्यक्ति विस्तारै पुरानै लयमा फर्कन थाल्छ । यदि तीन हप्ता (२१ दिन) भन्दा लामो समयसम्म पनि व्यक्ति सामान्य अवस्थामा फर्कन सकेन, निरन्तर टोलाइरह्यो, एक्लै बस्न खोज्यो, अरूसँग कुराकानी गर्नै चाहेन, बाहिरको अवस्था सामान्य भइसक्दा पनि अत्यधिक त्रस्त भइरह्यो र शरीरका अंगहरूले असामान्य प्रतिक्रिया दिन थाले भने त्यतिबेला उसलाई संवेगात्मक र मनोवैज्ञानिक सहयोग आवश्यक हुन्छ ।

प्राकृतिक वा अन्य गम्भीर दुर्घटनामा घाइते भएका, विपत्ति प्रत्यक्ष देखेका वा परिवारका सदस्य गुमाएका व्यक्तिमा दीर्घकालीन तनावसँग सम्बन्धित समस्या अर्थात् ‘पोस्टट्रम्याटिक स्ट्रेस डिसअर्डर’ देखापर्ने उच्च जोखिम रहन्छ । यस्तो गम्भीर अवस्था सिर्जना हुन नदिनका लागि सुरुआती दिनदेखि नै पूर्वसावधानी र सही तरिका अपनाउनु अत्यावश्यक हुन्छ, जसका लागि मनोवैज्ञानिक प्राथमिक उपचार महत्त्वपूर्ण हुन सक्छ ।

### मनोवैज्ञानिक प्राथमिक उपचार

विपद्‌पछिको उद्धारलाई पहिलो प्राथमिकता र उद्धारपछि राहत तथा पुनःस्थापनालाई दोस्रो प्राथमिकता दिँदै गर्दा पीडितको मानसिक स्वास्थ्यलाई जोगाउन विश्वभर मनोवैज्ञानिक प्राथमिक उपचार पद्धति प्रयोगमा ल्याउने गरिएको छ । वि.सं. २०७२ को भूकम्पपछि पनि नेपालमा मनोवैज्ञानिक प्राथमिक उपचार सञ्चालनमा ल्याइएको थियो । पंक्तिकार पनि संलग्न रहेको मनोवैज्ञानिक प्राथमिक सहयोगले तनाव व्यवस्थापनमा निकै सहयोग पुऱ्याएको थियो ।

धेरैमा मनोवैज्ञानिक प्राथमिक उपचार भन्नेबित्तिकै यो कुनै ठूलो अस्पतालमा अझ मानसिक अस्पतालमा गरिने जटिल डाक्टरी उपचार वा मानसिक रोगीलाई दिइने औषधि हो भन्ने भ्रम छ । वास्तवमा मनोवैज्ञानिक प्राथमिक उपचार कुनै विशिष्टीकृत मानसिक उपचार पद्धति होइन । जसरी शारीरिक चोट लाग्दा रगत बग्न नदिन वा घाउ बिग्रिन नदिन ‘फर्स्ट एड’ (प्राथमिक उपचार) गरिन्छ, त्यसैगरी मन र भावनामा परेको आघात गम्भीर मानसिक रोगमा परिणत नहोस् भनेर दिइने रोकथाममूलक साहरा नै मनोवैज्ञानिक प्राथमिक उपचार हो ।

यो उपचार औपचारिक र अनौपचारिक दुवै रूपमा दिन सकिन्छ । अनौपचारिकरूपमा साथीसंगति, परिवारका सदस्य वा छरछिमेकीले पीडितका मनभित्र रहेका उकुसमुकुसलाई सुनिदिने र भावनात्मक ढाडस दिने गर्दामात्रै पनि धेरै समस्या गम्भीर बन्नबाट रोकिन्छन् । त्यस्तै, औपचारिकरूपमा आधारभूत तालिम लिएका शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी वा समाजका अगुवाले यो सेवा प्रदान गर्न सक्छन् । मनोवैज्ञानिक प्राथमिक उपचारका मुख्य तीन चरणहरू हुन्छन्:

१) **अवलोकन गर्ने**
सर्वप्रथम प्रभावित व्यक्तिको वर्तमान अवस्थाको अवलोकन गरिन्छ र उसका लागि अहिले अत्यावश्यक कुरा जस्तै सुरक्षित बास, गाँस, कपास वा शारीरिक सुरक्षा के हो, त्यसको पहिचान गरिन्छ ।

२) **ध्यानपूर्वक सुन्ने**
दोस्रो चरणमा सम्बन्धित व्यक्तिका कुराहरू बिनाकुनै मूल्यांकन ध्यानपूर्वक सुनिन्छ । यतिबेला पीडितलाई इच्छा नभएका कुराहरू जबर्जस्ती खोतलेर सोध्ने काम पटक्कै गरिनु हुँदैन । उसले स्वयं आफ्ना पीडा वा आफन्तका बारेमा भन्न चाहेमा नजिकै बसेर सहानुभूतिपूर्वक सुनिदिने र ढाडस दिने गर्नुपर्छ ।

३) **सम्पर्क र जोड्ने**
तेस्रो चरणमा पीडित व्यक्तिलाई उनका प्रियजन, आफन्त, नातेदार वा साथीभाइसँग सम्पर्क गराइन्छ । यदि परिवार र आफन्त उपलब्ध छैनन् भने सामाजिक संस्थाहरू वा राहत टोलीसँग जोडिन्छ । यसरी मानिससँगको सम्पर्कले पीडितमा जीवनप्रतिको निराशा कम गर्न र मनोबल उच्च पार्न मद्दत गर्छ । यदि व्यक्ति अति नै विच्छिप्त अवस्थामा छ भने उसलाई विशिष्टीकृत स्वास्थ्य सेवाका लागि विशेषज्ञकहाँ ‘रिफर’ गरिन्छ ।

### के भन्ने, के नभन्ने ?

विपद्‌का बेला नबुझीकन बोलिने सान्त्वनाका शब्दहरूले पीडितको मनमा झनै ठूलो आघात पुऱ्याउन सक्छ । त्यसैले मनोवैज्ञानिक प्राथमिक उपचार दिँदा केही निषेधात्मक कुरामा विशेष ध्यान दिनुपर्छ । यस्तो बेला अनावश्यक र झूटा आश्वासन दिनु हुँदैन । सामाजिक सञ्जाल वा अन्यत्र सहयोगको नाममा मृतक व्यक्ति पनि जीवितै छन् भन्ने भ्रम पार्ने गरेका भेटिन्छन् वा सबै काम हामी नै गरिदिन्छौं भन्नेजस्ता असम्भव र झूटा आश्वासन दिनु हुँदैन । ‘तपाईं त बाँचिहाल्नुभयो नि, मान्छे एकदिन मरेर जाने नै हो, तपाईंको मात्र होइन अरूका पनि मरेका छन् वा तपाईंको भन्दा गम्भीर क्षति र पीडा त अरूलाई परेको छ, अरूले त केही गरेका छैनन्’ जस्ता असंवेदनशील संवादहरू पटक्कै गर्नु हुँदैन । परामर्शका क्रममा पीडितको रुने अधिकार खोस्ने गल्ती गर्नु हुँदैन । आफन्तको बिछोडमा रोइरहेका मानिसलाई नरोऊ, रुनु हुँदैन भनेर रोक्नु ठूलो गल्ती हो । रुनु र आँसु बहाउनु भनेको मनको पीडा बाहिर निकाल्ने प्राकृतिक माध्यम हो । त्यसैले उनीहरूलाई आफ्ना भावना अभिव्यक्त गर्ने पूर्ण अवसर दिनुपर्छ ।

### राज्य र स्थानीय तहको दायित्व

विपद् घटेको निश्चित समयपछि समाजमा व्यवस्थित मनोवैज्ञानिक परामर्शको काम सुरु हुनुपर्छ । यसका लागि राज्यले स्थानीय तहलाई पूर्णरूपमा सहयोग गर्नु आवश्यक छ । स्थानीय तहका माध्यमबाट मनोवैज्ञानिक परामर्शदाता, तालिमप्राप्त जनशक्ति र चिकित्सकलाई प्रभावित क्षेत्र तथा संरक्षणगृहमा खटाउनुपर्छ । संरक्षणगृहमा राखिएका पीडितका लागि मानसिक स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनुपर्छ । खानपान, निद्रा र व्यवहारमा निरन्तर विचलन आएका खण्डमा कहाँ र कसरी सहयोग लिने भन्ने विषयमा उनीहरूलाई सुसूचित गरिनुपर्छ ।

विपद् प्राकृतिक वा भवितव्य हो, जसलाई पूर्णरूपमा रोक्न सकिँदैन । विपद्‌पछि सिर्जना हुने मानसिक आघात र त्यसले निम्त्याउने दीर्घकालीन मानसिक रोगहरूलाई भने सही समयको सजगता र मनोवैज्ञानिक प्राथमिक उपचारका माध्यमबाट न्यूनीकरण गर्न सकिन्छ । पीडितलाई झूटा आश्वासन र सहानुभूति होइन, ध्यानपूर्वक सुनिदिने कान, बुझिदिने मन र सुरक्षित वातावरणको खाँचो हुन्छ । आजका सन्दर्भमा सामाजिक सञ्जालको असंवेदनशील प्रयोगलाई नियन्त्रण गर्दै, प्रभावित हरेक स्थानीय तहसम्म सुलभ र प्रभावकारी मनोवैज्ञानिक प्राथमिक उपचार पुऱ्याउनु नै राज्य र नागरिक समाजको पहिलो कर्तव्य हो । *रासस*

***(लेखक मनोवैज्ञानिक परामर्शदाता हुनन्)***

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

## पाठक मञ्च

# जलवायु न्यायका लागि विश्वमञ्चमा नेपालको सशक्त आवाज

संयुक्त राष्ट्रसंघको ८१औं महासभामा प्रधानमन्त्री वालेन्द्र शाहद्वारा प्रस्तुत सम्बोधन र त्यसमाझ व्यक्त विषयवस्तुहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्‌मा एक नयाँ बहस र तरंग पैदा गरेको छ । भोटेकोशी-त्रिशूली महाविपद्‌को भयावह दृश्य, स्थानीय नागरिकले भोगेको अकल्पनीय पीडा र जलवायु परिवर्तनका कारण साना तथा भूपरिवेष्ठित देशहरूले सहनुपरेको अन्यायलाई प्रधानमन्त्री शाहले जसरी विश्वमञ्चमा प्रस्तुत गरे, त्यसले प्रत्येक नेपालीको मन छोएको छ । यो केवल एउटा औपचारिक भाषणमात्र थिएन, यो त अन्यायमा परेको एउटा सानो राष्ट्रकोतर्फबाट विश्वका शक्ति राष्ट्रहरूलाई दिइएको गम्भीर चेतावनी र न्यायिक आह्वान पनि थियो ।

नेपालजस्ता अल्पविकसित र हिमाली मुलुकहरूले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा पुऱ्याएको योगदान नगन्य छ । नेपालको योगदान ०.१ प्रतिशतभन्दा पनि कम छ । तर, जलवायु परिवर्तनको सबैभन्दा ठूलो र प्रत्यक्ष मार भने हाम्रा निर्दोष नागरिकहरूले भोगिरहेका छन् । हिमाली क्षेत्रमा पग्लिँदै गएका हिमताल, बेमौसमी वर्षा, लेदोसहितको भीषण बाढी र पहिरोले हरेक वर्ष हाम्रा भौतिक पूर्वाधारमात्र ध्वस्त पारेका छैनन्, सयौं नागरिकको जीवनसमेत खोसेका छन् । भोटेकोशी र त्रिशूलीको बाढीमा आफ्ना प्रियजन गुमाएका, लेदो र ढुंगामाटोभित्र आफ्ना आफन्तको शव खोजी गरिरहेका परिवारको पीडालाई महासभामा गुञ्जाएर प्रधानमन्त्रीले अन्तर्राष्ट्रिय समुदायलाई नैतिकरूपमा सोच्न बाध्य पारेका छन् ।

जलवायु न्याय अब केवल संयुक्त राष्ट्रसंघ वा अन्तर्राष्ट्रिय सम्मेलनका दस्तावेजहरूमा सीमित राखिने सुन्दर र आकर्षक वाक्यमात्र हुनु हुँदैन । विकसित र बढी कार्बन उत्सर्जन गर्ने औद्योगिक राष्ट्रहरूले विकासशील देशहरूमा पारेको वातावरणीय विनाशको सोझो जिम्मेवारी लिनैपर्छ । जलवायु संकटका कारण विपद् भोगिरहेका मुलुकहरूलाई ‘सहायता’ वा ‘ऋण’का नाममा थप आर्थिक बोझ थुपार्नु अर्को ठूलो अन्याय हो । जब कुनै विपद्‌ले गरिब देशको पूर्वाधार नष्ट गर्छ, तब त्यसको समाधान अर्को ऋण हुन सक्दैन । नेपाललाई थप ऋणको पासोमा पार्नुको सट्टा अनुदानमा आधारित पर्याप्त सहयोग, क्षतिपूर्ति र प्रविधि हस्तान्तरणको आवश्यकता छ । साथै, जलवायु वित्त प्राप्त गर्ने प्रक्रियालाई प्रशासनिक र कर्मचारीतन्त्रको जटिल जालबाट मुक्त गरी सरल र पारदर्शी बनाइनु आवश्यक छ ।

यसै सन्दर्भमा, प्रधानमन्त्री शाहले प्रस्तुत गरेको ‘त्रिदेशीय संयन्त्र’ (नेपाल, भारत र चीनको नेतृत्वमा) को प्रस्ताव अत्यन्तै व्यावहारिक, दूरदर्शी र सामयिक छ । हिन्दूकुश हिमालय क्षेत्रको भौगोलिक संवेदनशीलतालाई ध्यानमा राख्दै भू-उपग्रहसम्बन्धी तथ्यांक आदानप्रदान गर्ने, जोखिमयुक्त हिमतालहरूको संयुक्त अनुगमन गर्ने, पूर्वसूचना प्रणालीलाई सुदृढ बनाउने र सीमापार विपद् व्यवस्थापनमा सहकार्य गर्ने सोचले यस क्षेत्रका अर्बौं जनताको भविष्य सुरक्षित गर्न सक्छ । क्षेत्रीय शक्ति राष्ट्रहरू भारत र चीनले पनि राजनीतिक मतभेदभन्दा माथि उठेर जलवायु उत्थानशीलताको यो साझा एजेण्डामा नेपालसँग हातेमालो गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

सम्बोधनका क्रममा प्रधानमन्त्रीले विश्व आपूर्ति प्रणालीमा विद्यमान असमानतामाथि प्रहार गर्दै उठाएको ‘मिसाइल र मल’को उदाहरण अत्यन्तै मर्मस्पर्शी र यथार्थपरक छ । आजको विश्व व्यवस्था कति विरोधाभासपूर्ण छ भन्ने कुरा युद्धका लागि हतियार, राइफल र क्षेप्यास्त्रहरू सहजै सीमापार पुग्ने तर एउटा गरिब देशको किसानले बेलैमा मल र नागरिकले इन्धन नपाउने अवस्थाले छर्लंग पार्छ । हतियार र युद्धका लागि खर्बौं डलर खर्च गर्न तयार हुने विश्व समुदाय मानवीय संकट, गरिबी निवारण र जलवायु उत्थानशीलताका लागि भने किन उदास हुन्छ ? यो प्रश्नले सम्पूर्ण बहुपक्षीय प्रणाली र संयुक्त राष्ट्रसंघको भूमिकामाथि गम्भीर प्रश्नचिह्न खडा गरिदिएको छ ।

प्रधानमन्त्रीले अघि सारेका छ वटा शब्दहरू- राहत, पुनःस्थापना, पुनर्निर्माण (तत्कालीन आवश्यकता) र जिम्मेवारी, क्षतिपूर्ति, उत्थानशीलता (दीर्घकालीन समाधान) विश्वव्यापी जलवायु नीतिका लागि मार्गदर्शक बन्न सक्छन् । संयुक्त राष्ट्रसंघ साना, कमजोर र गरिब देशहरूको पनि भरोसाको थलो बन्नुपर्छ । साना देशहरूको आवाज सुनिनुपर्छ र शक्ति राष्ट्रहरूको एकाधिकार अन्त्य भई न्यायपूर्ण विश्व व्यवस्थाको निर्माण हुनुपर्छ ।

अन्त्यमा, पूर्वराजाहरूको शैलीलाई पछ्याउँदै सम्बोधनको अन्त्यमा भगवान् पशुपतिनाथ र बुद्धको शान्तिको सन्देश स्मरण गराउनुले नेपालको सांस्कृतिक पहिचान र अनादिकालदेखिको शान्तिप्रिय भावनालाई पुनः उजागर गरेको छ । परराष्ट्रविद्‌हरूले टिप्पणी गरेझैँ, यो सम्बोधनले विश्वमञ्चमा नेपालको उपस्थितिलाई थप गहकिलो, स्पष्ट र प्रभावकारी बनाएको छ । अबको मुख्य चुनौती भनेको महासभामा उठाइएका यी महत्त्वपूर्ण एजेण्डाहरूलाई कूटनीतिक पहलका माध्यमबाट कार्यान्वयनको चरणमा लैजानु हो । सरकारले यो अडानलाई निरन्तरता दिँदै अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु न्यायका लागि सशक्त कूटनीतिक पैरवी जारी राखोस् ।

**- योगेन्द्र कटुवाल**
तार्केश्वर, काठमाडौं



**पहिरो पन्छाइँदै** | गुल्मीको छत्रकोट गाउँपालिका–३ स्थित श्रृंगा देउरालीमा शनिबार बिहान लेदोसहितको पहिरो खसेपछि स्थानीय र प्रहरीको सहयोगमा जेसिभीद्वारा पहिरो पन्छाइँदै । *तस्बिरः रासस*

# सडक सञ्जाल अवरूद्ध हुँदा रसुवामा खाद्यान्न अभाव, बिरामी मारमा



**रसुवा–** भोटेकोशी बाढीका कारण चीनसँगको सीमावर्ती जिल्ला रसुवाको सडक सञ्जाल पूर्णरूपमा टुटेपछि स्थानीय जनजीवन कष्टकर बनेको छ । सडक यातायात ठप्प हुँदा जिल्लामा खाद्यान्न संकट गहिरिन थालेको छ भने स्थानीय कृषक र व्यवसायीहरू आर्थिक मारमा परेका छन् ।

बाढी गएको एक महिना बितिसक्दा यातायात सञ्चालन हुन नसक्दा रसुवागढी तथा आसपासका क्षेत्रमा दैनिक उपभोग्य सामग्रीको हाहाकार हुन थालेको स्थानीय बासिन्दाहरू बताउँछन् । लामो समयदेखि सडक अवरुद्ध हुँदा सीमावर्ती क्षेत्रका होलसेल व्यापारीहरू प्रभावित भएको रसुवा ठूलो भार्खुका व्यापारी किप्पा छिरिङ तामाङ बताउँछन् । उनका अनुसार बाढी आउनु अगाडि सहजरूपमा सामान ढुवानी हुने गरेको र बजार मूल्य सस्तो थियो ।

'सडक नहुँदा सामान ल्याउनै सकिँदैन, पाइहाले ढुवानी खर्चमात्रै प्रतिपटक ५० हजार रूपैयाँभन्दा बढी लाग्ने गरेको छ । अहिलेको अवस्थामा सरकारले राहत बाँड्नुभन्दा सडक सञ्जाललाई तत्काल जोडिदिए हामी व्यापारी र आमउपभोक्ता दुवैलाई सहज हुने थियो,' उनले भने ।

अर्का स्थानीय व्यवसायी सुन्दर श्रेष्ठको पनि अनुभव उस्तै छ । पहिले मागअनुसार सहजै सामान भित्रिने र ढुवानी खर्च सस्तो पर्ने गरेकामा अहिले अवस्था पूर्णरूपमा बदलिएको उनी बताउँछन् । भौगोलिकरूपमा विकट यस क्षेत्रका किसानले वर्षभरिको खर्च धान्न व्यावसायिकरूपमा लगाएको बन्दाकोपी (काउली) सडक अवरुद्ध भएकै कारण बजारसम्म पुऱ्याउन सकिएको छैन । रसुवाको गतलाङमा फलेको लाखौं मूल्यबराबरका बन्दाकोपी बारीमै कुहिएको छ ।

गत्लाङकी स्थानीय फुर्पुसिंगी तामाङले दुःख व्यक्त गर्दै भनिन्, 'बाढी गएको एक महिना बित्यो । राहतले केही महिना पुग्ला तर सधैं पुग्दैन । कृषि उपज बजारमा लैजान नपाउँदा लगानी डुब्यो । त्यसैले अहिले राहतभन्दा सडक सञ्जाल सञ्चालनमा ल्याउन प्राथमिकता दिनुपर्छ ।'

सडक सञ्जाल विच्छेद हुँदा स्वास्थ्य क्षेत्रमा समस्या देखिएको छ । जटिल प्रकृतिका बिरामीलाई आकस्मिक उपचारका लागि अस्पताल लैजान सडक नहुँदा हेलिकप्टर चार्टर गर्नुको विकल्प छैन । रसुवा नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङका अनुसार गरिब तथा विपन्न नागरिकका लागि हेलिकप्टरको खर्च धान्न असम्भव प्रायः छ । तामाङले भने, 'जटिल बिरामी पर्दा पैसा हुने हेलिकप्टरमार्फत काठमाडौं जान्छन्, तर पैसा नहुने गरिब गाउँमै मर्नुपर्ने अवस्था सिर्जना भएको छ । त्यसैले जति सक्दो चाँडो सडक खुलाउनुको विकल्प छैन ।'

दैवी प्रकोप उद्धार समिति रसुवाका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेका अनुसार सडक सञ्जाल पुनः जोड्नका लागि नुवाकोट र अन्य क्षेत्रबाट एस्काभेटर (डोजर) ल्याएर सडक खुलाउने काम निरन्तर भइरहेको छ । प्रजिअ पाण्डेले भने, 'सडक खुलाउने काम भइरहेको छ । डाइभर्सन तथा पुल बनाउन केही समय लाग्ने देखिएको छ । निरन्तरको वर्षाका कारण काममा केही ढिलाइ भए पनि स्थानीय प्रशासनको समन्वय तथा सहकार्यमा सडक खुलाउन तीव्ररूपमा काम भइरहेको छ ।' *रासस*

# बनेपाको मौलिक जालुद्यो जात्रा आज सकिँदै

**बनेपा (काभ्रेपलाञ्चोक)–** काभ्रेपलाञ्चोकको बनेपामा शुक्रबार सुरु भएको मौलिक सांस्कृतिक पर्व जालुद्यो जात्रा आज सकिँदै छ । जात्राको शुक्रबार विधिवत् पूजा गरी सुरु गरिएको थियो ।

नेवार समुदायको परम्परा र संस्कृतिसँग जोडिएको यो जात्रामा परम्परागत विधिअनुसार भातबाट देवताको स्वरूप तयार गरी पूजा गर्ने परम्परा छ । शुक्रबार साँझ बनेपा नगरपालिका–५ स्वधा टोलस्थित दक्षिणकाली मन्दिरमा नित्य पूजा तथा हाँसको बलिसहित पूजा गरी जालुद्यो जात्रा सुरु गरिएको बनेपा नगरपालिका–५ का वडाध्यक्ष बलराम अधिकारीले जानकारी दिए । शनिबार दिउँसो भातबाट तयार गरिएको जालुद्योको स्वरूपलाई भक्तजनको दर्शनका लागि राखिएको उनले बताए ।

स्थानीय परम्पराअनुसार जालुद्योको स्वरूपलाई विधिपूर्वक पूजा गरी रथमा राखेर जात्रामा सहभागी गराउने चलन रहिआएको बनेपा–८ की वडाध्यक्ष शुभलक्ष्मी मानन्धरले बताइन् । उनका अनुसार तीन दिनसम्म सञ्चालन हुने जात्राको आज अन्तिम दिन हो । जात्राअन्तर्गत विभिन्न धार्मिक तथा सांस्कृतिक विधि पूरा गरिन्छ ।

आज साँझ जालुद्योलाई रथमा राखेर विभिन्न टोल तथा चोक हुँदै परिक्रमा गराइने छ । जात्रामा स्थानीयवासी तथा श्रद्धालुको उल्लेख्य सहभागिता रहने वडाध्यक्ष मानन्धरले बताइन् । परम्पराअनुसार आजै दिन रथ परिक्रमा गराएपछि खटजात्रा गरी जालुद्योलाई पुण्यमाता खोलामा लगेर विधिपूर्वक विसर्जन गरिने छ । यससँगै जात्रा सम्पन्न हुने छ ।

बनेपाको मौलिक सांस्कृतिक पहिचानसँग जोडिएको जालुद्यो जात्रा पुस्तौंदेखि स्थानीय समुदायले निरन्तरता दिँदै आएको पर्व हो । जात्राले स्थानीय संस्कार, संस्कृति तथा परम्परालाई नयाँ पुस्तासम्म पुऱ्याउन योगदान गर्दै आएको वडाध्यक्ष मानन्धरले बताइन् ।

उनका अनुसार जालुद्यो जात्रासँग एक्लो छोरा भएका परिवारको पुरानो धार्मिक विश्वास जोडिएको छ । 'स्थानीय जनविश्वासअनुसार पहिले राक्षसले एक्लो छोरा भएका परिवारका छोरालाई पालैपालो आफ्नो आहार बनाउने गर्दथ्यो । त्यसबाट जोगाउन दक्षिणकाली माता जालुद्यो बनेर राक्षसमाथि विजय प्राप्त गरेको विश्वास रहिआएसँगै पर्व जात्रा मनाउन थालिएको हो,' उनले भनिन् । *रासस*

# बाढीपहिरोका कारण गुल्मीमा ११ परिवार विस्थापित



**गुल्मी–** अविरल वर्षासँगै आएको बाढी, पहिरो र हावाहुरीका कारण गुल्मीमा ११ परिवार विस्थापित भएका छन् । पहिरोले गोठ भत्किँदा तीन पशुचौपाया मरेका छन् ।

बाढी तथा पहिरोको जोखिममा परेका, घरको छानोमा क्षति पुगेका प्रभावित परिवारलाई प्रहरी तथा स्थानीयको सहयोगमा शनिबार सुरक्षित स्थानमा सारिएको जिल्ला प्रहरी कायालय गुल्मीकी सुभना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माले जानकारी दिए ।

रुरुक्षेत्र गाउँपालिका–१ रिडीस्थित लामाचौपारी क्षेत्रमा कालीगण्डकी नदीको बहाव बढेपछि नदी किनारमा पसल सञ्चालन गरी बस्दै आएका सात घरधुरी जोखिममा परेका छन् । जोखिममा परेका परिवारलाई स्थानीयवासी र प्रहरीको सहयोगमा आफन्तको घरमा स्थानान्तरण गरिएको छ ।

रेसुंगा नगरपालिका–४ सेउघामा घर माथिबाट पहिरो खसेपछि दुई परिवार विस्थापित भएका छन् । तेजबहादुर खत्रीको चार र एमकला खत्रीको दुईसहित छ जनालाई प्रहरी तथा स्थानीयको सहयोगमा उद्धार गरी नजिकैको गोठमा स्थानान्तरण गरिएको प्रहरी नायब उपरीक्षक विश्वकर्माले जानकारी दिए ।

उनका अनुसार मदाने गाउँपालिका–६ पुर्कोटदहस्थित ठुम्कामा हावाहुरी र वर्षाका कारण घरको टिनको छानो उडेपछि ३७ वर्षीय सन्तोष चुदराको परिवार विस्थापित भएको छ । चन्द्रकोट गाउँपालिका–४ रेमीमा ४४ वर्षीय खेमबहादुर कार्कीको गोठ भत्किएर क्षति पुगेपछि उनको परिवार पनि विस्थापित भएको छ । कार्कीको एकतले कच्ची गोठ भत्किँदाभित्र बाँधिएका पाडापाडी पुरिएर मरेका छन् ।

यसैगरी मुसिकोट नगरपालिका–१ पखेरामा २७ वर्षीया सुशीला विकको एकतले कच्ची गोठ भत्किँदा एउटा माउ बाख्रा पुरिएर मरेको छ । बाढी तथा पहिरोबाट हुनसक्ने जोखिमलाई ध्यानमा राख्दै नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले पहिरोग्रस्त क्षेत्रमा उद्धार कार्यलाई सक्रिय बनाएका छन् । जोखिमयुक्त क्षेत्रमा समयमै उद्धार टोली परिचालन गरिएको प्रहरीले जनाएको छ ।

जिल्लाका विभिन्न स्थानमा बाढी तथा पहिरोको जोखिम कायमै रहेकाले उच्च सतर्कता अपनाउन जिल्ला प्रशासन कार्यालय गुल्मीले सर्वसाधारणमा आग्रह गरेको छ ।

### कालीगण्डकीमा पानीको बहाव बढेपछि स्थानीयलाई सारियो

लगातारको वर्षासँगै आएको बाढीका कारण गुल्मीको कालीगण्डकी नदीमा पानीको बहाव बढेपछि रुरुक्षेत्र गाउँपालिका–१ रिडी बजारस्थित तटीय क्षेत्रका उच्च जोखिममा परेका बासिन्दालाई सुरक्षित स्थानमा सारिएको छ ।

इलाका प्रहरी कार्यालय रिडिबाट प्रहरी सहायक निरीक्षक मनबहादुर विश्वकर्माको नेतृत्वमा प्रहरी टोली उद्धार तथा स्थानान्तरणको काममा खटिएको प्रहरी नायब उपरीक्षक विश्वकर्माले जानकारी दिए ।

शनिबार बिहान नदीमा पानीको सतह एकाएक बढेपछि जिल्ला प्रशासन कार्यालय गुल्मीले खोला किनारका नागरिकलाई सतर्क रहन र सुरक्षित स्थानमा बसोवास गर्न आग्रह गरेको छ । कालीगण्डकी नदीमा पानीको बहाव उच्चरूपमा बढ्दै गएपछि रिडीवासीमा यतिबेला थप त्रास बढेको छ । *रासस*

# 'एआई'लाई थारु भाषा सिकाउँदै लुम्बिनी प्राविधिक विश्वविद्यालयका विद्यार्थी

**बाँके–** लुम्बिनी प्राविधिक विश्वविद्यालय इञ्जिनियरिङ तथा सूचना प्रविधि अध्ययन संस्थान, नेपालगञ्ज, स्नातकोत्तर तह (एमटेक) का विद्यार्थीले कृत्रिम बौद्धिकता (एआई)लाई थारू भाषा सिकाउन थालेका छन् । उनीहरूले वडा कार्यालयको सेवा डिजिटल बनाउनेलगायत प्रविधिमा आधारित १० परियोजना तयार गर्दै ती परियोजना सम्बन्धित सरकारी, गैरसरकारी तथा निजी संस्थालाई हस्तान्तरण गरेका छन् ।

विश्वविद्यालयको इञ्जिनियरिङ तथा सूचना प्रविधि अध्ययन संस्थानअन्तर्गत एमटेक कम्प्युटर साइन्स र एमटेक इन्फर्मेसन टेक्नोलोजीका दोस्रो सेमेस्टरका विद्यार्थीले विभिन्न संस्थाको आवश्यकता र समस्या पहिचान गरी परियोजना विकास गरेको एमटेकका विद्यार्थी लौटन थारुले जानकारी दिए ।

उक्त परियोजनामध्ये थारू भाषामा पाठ निर्माण वेबमा आधारित प्राकृतिक भाषा प्रशोधन प्रणाली पनि विद्यार्थीले तयार गरेका छन् । परियोजनामा कृत्रिम बौद्धिकतालाई थारू भाषा सिकाउने र थारू भाषामै पाठ सिर्जना गर्नसक्ने प्रणाली विकास गर्ने प्रयास गरिएको विद्यार्थी थारुले बताए । 'थारु भाषाको सानोतिनो शब्दको अर्थ आइरहेको छ तर लामो शब्दको अर्थ आउन सकेको छैन,' उनले भने ।

अहिले प्रयोगमा रहेका अधिकांश कृत्रिम बौद्धिकतामा आधारित उपकरण र भाषिक नमूनामा थारू भाषाको स्रोत तथा समर्थन सीमित भएकाले भाषालाई एआई प्रणालीमा समेटिएको विद्यार्थी थारुको भनाइ छ । परियोजनामा थारू भाषाभित्र रहेको भाषिक तथा क्षेत्रगत विविधतालाई समावेश गरी राना थारू, डगौरा थारुलगायत भाषिक प्रयोगलाई समेटिएको छ ।

थारू भाषाका पर्याप्त डिजिटल स्रोत र भाषिक तथ्यांक उपलब्ध नहुँदा प्रणाली विकासको काम अपेक्षाभन्दा केही ढिलो भइरहेको उनले बताए । विद्यार्थी थारुले उपलब्ध स्रोतलाई संकलन र प्रशोधन गर्ने काम भइरहेको जानकारी दिँदै लोरा प्रविधिमार्फत 'क्वेन मोडल' लाई थारू भाषामा अनुकूलन गर्ने काम भइरहेको उल्लेख गरे ।

प्रणालीको भाषिक शुद्धता र प्रयोग योग्यता परीक्षणका लागि थारू भाषा जान्ने व्यक्तिबाट मूल्यांकन र स्तर निर्धारण लिने तयारी गरिएको छ । यसबाट प्रणालीले उत्पादन गर्ने पाठ थारू भाषाको प्रयोग र भाषिक संरचनासँग मेल खाने वा नखाने परीक्षण गरिने थारुले बताए । सो परियोजनामा थारुसहित राजु सुवेदी, रामद्वारिका चौधरी र रविन श्रेष्ठ संलग्न छन् ।

लुम्बिनी प्राविधिक विश्वविद्यालयका निमित्त प्रमुख, डीन डा. निरज केसीले थारु भाषा एआईलाई सिकाउने अभ्यास नौलो प्रयोग भएको उल्लेख गर्दै अहिलेसम्म विश्वमा अन्य धेरै भाषा भए पनि थारु भाषाको प्रयोग डिजिटल प्रणालीमा हुन नसकेको बताए ।

उनले विद्यार्थीलाई सैद्धान्तिक ज्ञानभन्दा पनि व्याहारिक र वास्तविक समस्या समाधानमा प्रविधिको प्रयोग गर्नसक्ने उद्देश्यले यस्ता परियोजना प्रभावकारी हुने विश्वास व्यक्त गरे । 'कक्षाकोठामा सिकेको ज्ञानलाई वास्तविक संसारका समस्यासँग जोडेर प्रयोग गर्नु परियोजनाको मुख्य उद्देश्य रहेको छ,' डा. केसीले भने ।

विद्यार्थीले तयार पारेको अर्को परियोजना स्मार्ट वडा सूचना तथा नागरिक सहभागिता प्रणाली हो । वडा कार्यालयमा हुने कागजी काम घटाउने र सेवा तथा सूचनालाई डिजिटल माध्यमबाट व्यवस्थित गर्ने उद्देश्यले सो प्रणाली विकास गरिएको हो ।

समूहका नेता ब्रिजेस वैश्यका अनुसार वडामा सेवा प्रवाहका क्रममा देखिएका समस्या र नागरिकका आवश्यकतालाई पहिचान गरेर प्रणालीको अवधारणा तयार पारिएको हो । वडा कार्यालयमा हुने कागजी कामलाई सकेसम्म कम गर्ने र सेवासँग सम्बन्धित सूचना डिजिटल माध्यमबाट व्यवस्थित गर्ने प्रणालीको लक्ष्य रहेको उनले जानकारी दिए ।

विद्यार्थीका अन्य परियोजनामा क्युआर कोडमा आधारित रेस्टुरेन्ट अर्डर प्रणाली पनि रहेको छ । ग्राहकले क्युआर कोडमार्फत रेस्टुरेन्टका सेवा तथा खाद्यसामग्री हेरेर अर्डर गर्नसक्ने अवधारणामा प्रणाली विकास गरिएको हो । शैक्षिक प्रमाणपत्र प्रमाणीकरण प्रणाली, नतिजा व्यवस्थापन प्रणाली, आधुनिक व्यवस्थापन प्रणाली, डिजिटल नागरिक बडापत्र प्रणाली र किसान सदस्यता कार्ड प्रणालीलगायतका परियोजना पनि विद्यार्थीले तयार गरेका छन् ।

एमटेक कम्प्युटर साइन्स र एमटेक इन्फर्मेसन टेक्नोलोजीका कार्यक्रम संयोजक सहायक प्राध्यापक प्रकाश गुप्ताले यी सबै परियोजना कार्यान्वयन हुन बाँकी रहेको जानकारी दिए । एमटेक कम्प्युटर साइन्स र एमटेक इन्फर्मेसन टेक्नोलोजीमा करिब ६० विद्यार्थी अध्ययनरत रहेका उनले बताए । *रासस*

# विराटनगरमा मुख्यमन्त्री सम्मेलन हुँदै

**विराटनगर (प्रस)–** कोशी प्रदेशको राजधानी विराटनगरमा यही असोज २२ र २३ गते मुख्यमन्त्री सम्मेलन हुने भएको छ ।

कोशी प्रदेश सरकारको आयोजनामा हुने सो सम्मेलनमा संघीयता कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपाय, संघीय शासन व्यवस्थाको सुदृढीकरण, प्रदेश सरकार गठन तथा सञ्चालनका क्रममा भएका असल अभ्याससहित अनुभवको आदानप्रदान, प्रदेशस्तरीय एवं तीन तहका सरकारबीचको समन्वय एवं सहकार्य, सुशासन र आर्थिक समृद्धिलगायतका विषयमा छलफल केन्द्रित हुने मुख्यमन्त्रीको कार्यालयले जनाएको छ ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीका प्रेस सल्लाहकार विक्रम लुइँटेलले सातै प्रदेशका मुख्यमन्त्रीको सहभागिता रहने विराटनगर सम्मेलनलाई व्यवस्थित एवं सफल बनाउन आवश्यक पूर्वतयारीको काम सुरु भइसकेको जानकारी दिए ।

मुख्यमन्त्री कार्कीका आर्थिक सल्लाहकार मोहन सुवेदीले सडक तथा पुल निर्माण, उद्योग एवं पर्यटन प्रवर्द्धनसहित आर्थिक गतिविधिलाई चलायमान बनाउन र प्रदेशस्तरीय सम्बन्ध अझ सुदृढ तुल्याउन मुख्यमन्त्री सम्मेलन कोशेढुंगा सावित हुने विश्वास व्यक्त गरे ।

यसैगरी, कोशी प्रदेश सरकारका प्रमुख सचिव नारायणप्रसाद भट्टले असोज २२ र २३ गते आयोजना हुने मुख्यमन्त्री सम्मेलनमा प्रदेशमन्त्री, योजना आयोगका उपाध्यक्ष, मुख्य न्यायाधिवक्ता र उच्च सरकारी अधिकारीहरूकोसमेतको उपस्थिति रहने जानकारी दिँदै संघीयता कार्यान्वयनसहित राजनीतिक, आर्थिक, सामाजिक, विकास निर्माण, कानुनी, व्यावहारिक पक्षमा छलफल भई स्पष्ट दिशानिर्देश गर्न सम्मेलन सफल हुने बताए ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९८६०० | प्रति तोला – ० | प्रति तोला – ४६२० |



**पर्यटकको पर्खाइ** | लगातारको वर्षाले पर्यटकीय गतिविधि प्रभावित बनेपछि शनिबार पोखरास्थित फेवाताल किनारमा थन्काएर राखिएका डुंगा । पर्यटकीय याम सुरू भइसक्दा पनि वर्षाका कारण पोखरामा पर्यटकको चहपहल देखिएको छैन । *तस्बिर: रासस*

## मध्य-मर्स्याङ्दीको विद्युत् उत्पादन बन्द

■ प्रभाव संवाददाता

**लमजुङ–** निरन्तरको वर्षाका कारण मर्स्याङ्दी नदीमा पानीसँगै बालुवा तथा गेग्रानको मात्रा बढेपछि लमजुङको ७० मेगावाट क्षमताको मध्य-मर्स्याङ्दी जलविद्युत् आयोजनाले शनिबार विद्युत् उत्पादन बन्द गरी टर्वाइनको सफाइ थालेको छ ।

बैंसीसहर नगरपालिका-१ दलालमा रहेको आयोजनाले आज दिउँसोदेखि विद्युत् उत्पादन बन्द गरी दुईवटै टर्वाइनमा जम्मा भएको बालुवा सफाइको काम थालेको हो । आयोजना प्रमुख तारादत्त भट्टराईका अनुसार मर्स्याङ्दी नदीमा निरन्तर पानीको बहाव बढेसँगै बालुवा बढी आउन थालेपछि विद्युत् उत्पादनमा असर पर्नसक्ने भएकाले नेपाल विद्युत् प्राधिकरणबाट अनुमति लिएर आयोजना 'सटडाउन' गरिएको हो ।

'नदीमा पानीसँगै बालुवा धेरै आइरहेको छ । यसले टर्वाइनमा असर पार्नसक्ने भएकाले आज दिउँसोदेखि आयोजना 'सटडाउन' गरेर दुईवटै टर्वाइनमा बालुवा सफाइको काम सुरु गरेका छौँ', उनले भने ।

उनका अनुसार टर्वाइनको बालुवा सफाइको काम सम्पन्न गर्न कम्तीमा चारदेखि पाँच घण्टा लाग्नेछ । सफाइको काम सकिएपछि अवस्था हेरेर विद्युत् उत्पादन पुनःसञ्चालन गरिनेछ । मध्य-मर्स्याङ्दी लमजुङमा निर्माण भएको पहिलो ठूला जलविद्युत् आयोजना हो । आयोजनामा ३५/३५ मेगावाट क्षमताका दुई वटा टर्वाइनबाट कुल ७० मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ ।

यसैगरी, मर्स्याङ्दी गाउँपालिका-८ भुलभुलेमा रहेको ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी ए जलविद्युत् आयोजनाले पनि शनिबार बिहान करिब तीन घण्टा विद्युत् उत्पादन बन्द गरी दुवै टर्वाइनको सफाइ गरेको छ । आयोजनाका इन्जिनियर कर्ण अधिकारीका अनुसार २५/२५ मेगावाट क्षमताका दुवै टर्वाइन खोलेर पानी निकाली बालुवा सफाइ गरिएको हो ।

'मर्स्याङ्दीमा बालुवा धेरै आएको र त्यसले गर्दा टर्वाइनमा जोखिम बढ्नसक्ने भएकाले करिब तीन घण्टा विद्युत् बन्द गरेर दुवै टर्वाइन खोली पानी निकालेर बालुवा सफाइ गरेका हौँ', उनले भने । सफाइको काम सम्पन्न भएपछि अहिले विद्युत् उत्पादन पुनःसञ्चालनमा आइसकेको उनले जानकारी दिए ।

## एआइआइबीको बैठकमा सहभागी हुन अर्थमन्त्री वाग्ले कतार प्रस्थान



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्ले एसियाली पूर्वाधार विकास बैंक (एआईआईबी) को ११औं वार्षिक बैठकमा सहभागी हुन कतार गएका छन् ।

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै अर्थमन्त्री वाग्ले कतार एयरवेजको नियमित उडानमार्फत शनिबार दोहा प्रस्थान गरेका हुन् । अर्थ मन्त्रालयका अनुसार प्रतिनिधिमण्डलमा अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाका प्रमुख तथा सहसचिव अमृत लम्साल पनि सहभागी छन् ।

दोहामा हुने एआईआईबीको वार्षिक बैठकमा अर्थमन्त्री वाग्ले बैंकको बोर्ड अफ गभर्नर्सको सत्रमा सहभागी हुने कार्यक्रम छ । उक्त अवसरमा नेपालको पूर्वाधार विकास, जलवायु अनुकूलन, नवीकरणीय ऊर्जा, विपद्पछिको पुनर्निर्माण तथा आर्थिक वृद्धिका प्राथमिकताबारे छलफल हुने बताइएको छ ।

बैठकका क्रममा नेपालले बहुपक्षीय सहयोग र लगानी परिचालनका विषयमा पनि साझेदारहरूसँग छलफल गर्ने अर्थ मन्त्रालयले जनाएको छ ।

भ्रमणका क्रममा अर्थमन्त्री वाग्लेले एआईआईबीका अध्यक्षका साथै भारत, बंगलादेश, कतार र मालदिभ्सका अर्थमन्त्रीसँग छुट्टाछुट्टै द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम रहेको छ ।वार्षिक बैठक तथा द्विपक्षीय भेटवार्ता सम्पन्न गरी अर्थमन्त्री वाग्ले नेतृत्वको नेपाली प्रतिनिधिमण्डल आगामी असोज १४ गते बुधबार कतार एयरवेजको उडानमार्फत स्वदेश फर्किनेछन् ।

## बाग्लुङमा साल्ट ट्रेडिङको सुपथ मूल्य पसल

**बागलुङ (प्रस)–** साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडद्वारा दसैं , तिहार तथा छठपर्वलाई लक्षित गरी सञ्चालन गरिएको सुपथ मूल्य पसलले उपभोक्तालाई राहत मिलेको छ ।

कर्पोरेशनले जिल्लामा यही असोज ५ गते सोमबारदेखि चाडपर्व लक्षित सुपथ मूल्य पसल सञ्चालनमा आएको आएपछि उपभोक्ताको भीड नै लागेको छ । दैनिक ५०० जनासम्म उपभोक्ता सुपथ मूल्य पसलमा आउने गरेको पाइएको छ । साल्ट ट्रेडिङ कर्पोरेसन बागलुङ शाखाले सहुलियत मूल्यमा चिनी, नून, दाल, चिउरा,मैदा, तोरीको तेल र आटाको सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको हो ।

उपभोक्ता सन्जय शर्माले चाडपर्वका मुखमा उपभोक्तालाई खाद्य पदार्थमा केही सहुलियत दिएपछि राहत मिलेको बताए ।

नजिकिँदै गरेको दसैं, तिहार, छठलगायत ठूला चाडपर्वमा नागरिकलाई सहुलियतका लागि बागलुङ नगरपालिका-४ उपल्लाचौरस्थित कार्यालयमा सुपथ मूल्य पसल सञ्चालन ल्याइएको साल्ट ट्रेडिङ कर्पोरेसन बागलुङका कार्यालय प्रमुख मनोजकुमार श्रेष्ठले जानकारी दिनुभयो । कार्यलयले हरेक वर्ष सुपथ मूल्य पसल सञ्चालनमा ल्याउने गरेको छ । सुपथ मूल्यसँगै गुणस्तरीय समाग्रीका लागि उपभोक्ता लाइनमा बसेरै खाद्य सामग्री खरिद गर्न थालेका छन् ।

बजारमा मूल्य वृद्धि भइरहेको चिनी, नुन तथा तेललगायतका उपभोग्य बस्तु सरकारी निकायले छुट सुविधासहित दिएपछि उपभोक्ता लामबद्ध भएर खरिद गर्न व्यस्त छन् । उपभोक्तालाई बिलसहित कारोवार गरिरहेको छ । पसलबाट ग्राहकले सुपथ मूल्यमा नुन, चिनी, खाने तोरीको तेल तथा आटा खरिद गर्न सक्ने प्रमुख श्रेष्ठले बताए । पसल आगामी कात्तिक ३० गतेसम्म सञ्चालनमा रहने जनाइएको छ ।

## मधेस-कोशीबीच आर्थिक साझेदारी

■ प्रभाव संवाददाता

**रौतहट–** र कोशी प्रदेशले आर्थिक तथा वित्तीय क्षेत्रलाई थप प्रभावकारी बनाउन आपसी सहकार्य र समन्वय गर्ने भएका छन् । दुई प्रदेशबीच बजेट तथा राजस्व नीति, सार्वजनिक वित्त व्यवस्थापन, रोजगारी सिर्जना, लगानी र पर्यटन प्रवर्द्धनदेखि विपद् व्यवस्थापनसम्म सहकार्य गर्ने समझदारी भएको हो । मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराई र कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री बिदुर कुमार लिङ्थेपले शुक्रबार समझदारीपत्रमा हस्ताक्षर गरेका छन् ।

अर्थमन्त्री भट्टराईका अनुसार समझदारीअनुसार दुवै प्रदेशले प्रत्येक आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट निर्माणअघि साझा प्राथमिकता पहिचान गरी पूर्व-बजेट परामर्श गर्नेछन् । बजेट ल्याउनुभन्दा कम्तीमा तीन महिनाअघि यस्तो परामर्श गर्ने व्यवस्था गरिएको छ । दुवै प्रदेशले सार्वजनिक वित्तीय व्यवस्थापन सुधार, परिणाममा आधारित बजेट प्रणाली, बेरुजु फछ्र्योट, आन्तरिक नियन्त्रण तथा प्रशासनिक खर्च न्यूनीकरणका क्षेत्रमा अनुभव आदान-प्रदान गर्नेछन् ।

राजस्वको सम्भाव्यता अध्ययन, राजस्व सुधार कार्ययोजना तथा स्थानीय तहको राजस्व प्रशासनलाई प्रभावकारी बनाउन पनि संयुक्त पहल गरिनेछ ।

वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड तथा प्रदेश र स्थानीय तहबीचको वित्तीय सम्बन्धबारे संयुक्त अध्ययन तथा अनुसन्धान गर्ने समझदारीसमेत भएको छ । दुई प्रदेशले युवालाई आर्थिक गतिविधिमा जोड्दै स्वरोजगार, उद्यमशीलता तथा साना-मझौला उद्योगको विकासमा सहकार्य गर्ने भएका छन् ।

निजी क्षेत्रको लगानी आकर्षित गर्न संयुक्त तथा पूरक कार्यक्रम सञ्चालन गर्ने र दुवै प्रदेशका आर्थिक सम्भावना तथा विशिष्टतालाई जोडेर प्रादेशिक आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्य समझदारीमा राखिएको छ । पर्यटन क्षेत्रमा पनि दुई प्रदेशले सहकार्य गर्नेछन् । धार्मिक तथा पर्यटकीय सम्भावना भएका क्षेत्रलाई आपसमा जोडेर संयुक्त संरचना विकास गर्ने तथा त्यस्ता परियोजनाबाट प्राप्त हुने राजस्व बाँडफाँडको सम्भावित ढाँचा तयार गर्ने विषय समझदारीमा समेटिएको छ ।

बाढी, पहिरो र डुबानलगायतका विपद्का समयमा दुई प्रदेशबीच अनुभव आदान-प्रदानसँगै आवश्यकताअनुसार आपतकालीन समन्वय गरिनेछ । समझदारी कार्यान्वयनका लागि दुवै प्रदेशका मन्त्रीको नेतृत्वमा उच्चस्तरीय मार्गदर्शक समिति गठन गरिनेछ। समितिको अध्यक्षता दुवै प्रदेशले पालैपालो गर्ने व्यवस्था गरिएको छ । त्यस्तै, सम्बन्धित मन्त्रालयका सचिवको नेतृत्वमा प्राविधिक तथा कार्यान्वयन समिति गठन हुनेछ । बजेट, राजस्व र प्रशासन हेर्ने महाशाखाका प्रमुखहरू उक्त समितिमा रहनेछन् । दुवै मन्त्रालयले उपसचिवस्तरका एक-एक जना अधिकारीलाई सम्पर्क व्यक्ति तोक्ने व्यवस्था पनि गरिएको छ ।

संयुक्त रूपमा सञ्चालन हुने कार्यशाला, तालिम, प्रविधि विकास तथा अध्ययन-अनुसन्धानका कार्यक्रमको लागत दुवै प्रदेशले ५०-५० प्रतिशत व्यहोर्ने समझदारी भएको छ । समझदारीपत्र पाँच वर्षका लागि लागू हुनेछ। अवधि समाप्त हुनुअघि दुवै प्रदेशको सहमतिमा यसको पुनरावलोकन तथा नवीकरण गर्न सकिनेछ ।

## पाखोलाई हराभरा बनाए रुचाल दम्पतीले

**म्याग्दी–** कुनै समय कोदो र मकै फल्ने यहाँको बेनी नगरपालिका-३ भकिम्लीको गुफास्थित पाखोबारी तीन वर्षअघिसम्म बाँझिएर झाडीले ढाकिएको थियो । घरदेखि टाढा, मजदुरको अभाव र खेती गर्न बढ्दै गएको कठिनाइका कारण खेतबारीमा अन्न लगाउन छाडेपछि पाखोमा पाती, वनमारा र बिलाउनी उम्रिएका थिए ।

अहिले त्यही झाडीले ढाकेको पाखोमा हरियाली छाएको छ । बारीका कान्लामा ओखरका बिरुवा हुर्किएका छन् भने ओखरको बगैँचाभित्र बन्दा लहलहाएका छन् । बेमौसमी आलुका लागि छुट्टै बारी तयार छ । करिब एक दशकसम्म बाँझिएको पाखोबारीलाई पुनःखेतीयोग्य बनाएर हराभरा बनाउने काममा जुट्नुभएको छ, भकिम्लीका राम र पार्वती रुचाल दम्पती ।

रुचाल दम्पतीले स्थापना गरेको बेविका कृषि तथा पशुपक्षी फार्ममार्फत पुर्ख्यौली १४ रोपनी जग्गाका अतिरिक्त थप छ रोपनी जग्गा भाडामा लिएर व्यावसायिक खेती भएको छ । खेतीयोग्य जमिन विस्तारसँगै उनीहरूले फरक-फरक ठाउँमा फलफूल तथा तरकारी खेतीलाई अघि बढाएका छन् ।

'घरदेखि टाढा भएकाले मजदुर अभाव हुँदा मल बोक्न, बाली लगाउन र स्याहार्न समस्या हुन्थ्यो,' पार्वतीले भनिन्, 'त्यसैले गुफाको पाखोबारीमा करिब एक दशकसम्म कोदो र मकै खेती गर्न छाडेका थियौं । खेती हुन छाडेपछि पाखो पाती, वनमारा र बिलाउनीको झाडीले भरिएको थियो । झाडी फाँडेर ओखर खेती गरेपछि अहिले पुरानै अवस्थामा फर्किएको छ ।'

समुद्री सतहदेखि एक हजार आठ सय मिटर उचाइमा रहेको गुफामा रुचाल दम्पतीले ३५० वटा दाँते जातका ओखरका बिरुवा रोप्नुभएको छ । भकिम्लीमा व्यावसायिक रूपमा ओखर खेती सुरु गर्ने आफूहरू पहिलो कृषक भएको रुचालको भनाइ छ । यसअघि उक्त क्षेत्रमा घरायसी प्रयोजनका लागि मात्र ओखर खेती हुने गरेको थियो ।

ओखरका बिरुवासँगै बारीको खाली ठाउँको उपयोग गर्दै उनीहरूले बर्खायाममा बन्दा खेती गर्नुभएको छ । गत वर्ष पोखरा लगेर रु एक लाख ५० हजार बराबरको बन्दा बिक्री भएको थियो । यस वर्ष पनि सोही क्षेत्रफलमा बन्दा लगाइएको छ ।

पछिल्लो समय भइरहेको झरीका कारण उत्पादन भएको बन्दा बजारसम्म पुर्‍याउन समस्या भएको रामले बताए । 'उत्पादन राम्रो छ, बजार पनि छ तर अहिले झरीका कारण बारीबाट बजारसम्म तरकारी पुर्‍याउन समस्या भएको छ,' उनले भने ।

रुचाल दम्पतीले छ रोपनी क्षेत्रफलमा बेमौसमी आलु खेती गरेका छन् । हिउँदे आलु कात्तिक-मङ्सिर र फागुनमा बर्खे आलु रोपिन्छ । कात्तिकमा भित्र्याउने गरि भदौको पहिलो साता आलु रोपेका थिए ।

आलु, बन्दा र ओखरको बगैँचामा 'मल्चिङ' प्रविधि अपनाइएको छ । झार उम्रिन नदिने, बारी सफा राख्ने तथा बिरुवालाई आवश्यक पोषण र चिस्यान कायम राख्न प्लास्टिकले छोपेर मल्चिङ गरिएको हो । मल्चिङ गरेपछि झार नियन्त्रण हुनुका साथै खेतीको स्याहार गर्न सहज भएको रुचालको अनुभव छ ।

गुफाको पाखोबारीमा ओखर र तरकारी खेतीसँगै रुचाल दम्पतीले भकिम्लीमा सुन्तला र थाममा खुर्सानी खेती पनि गरेका छन् । दुई रोपनी क्षेत्रफलमा लगाइएको खुर्सानी बिक्रीका लागि तयार हुँदैछ । गण्डकी प्रदेश सरकारले सञ्चालन गरेको पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको सहयोगमा ३०० बोट सुन्तला लगाइएको छ ।

यसअघि धान, गहुँ मकै र कोदो उत्पादन हुने खेतबारीमा सुन्तलाको बगैँचा विस्तार गरिएको हो। फरक-फरक स्थानमा रहेका फार्ममा दम्पती आफैँ खटिन्छन्। खेतीको काम बढेका बेला स्थानीय मजदुरलाई रोजगारी दिने गरिएको छ।

बयालिस वर्षीय रुचाल दम्पतीका लागि कृषि उद्यम केवल आम्दानीको माध्यम मात्र होइन, गाउँमै बसेर आत्मनिर्भर बन्ने प्रयास पनि हो । रोजगारी र अवसरको खोजीमा युवा तथा श्रमशक्ति सहर र विदेशतर्फ केन्द्रित भइरहेका बेला उनीहरूले भने पुर्ख्यौली जग्गालाई उपयोग गर्दै गाउँमै भविष्य खोजेका छन् ।

कृषि फार्मबाट तीन छोराछोरीको पठनपाठन र घरव्यवहार चलाउँदै आएका रुचाल दम्पती ओखर र सुन्तलाले उत्पादन दिन थालेपछि आम्दानी थप बढ्ने आशामा छन् । 'अहिले खेतीमा मेहनत र लगानी धेरै छ । ओखर र सुन्तलाले उत्पादन दिन थालेपछि आम्दानी राम्रो हुने आशा छ,' रामले भने । रुचाल दम्पतीको प्रयासले बाँझिएको जमिनको उपयोग मात्र भएको छैन, स्थानीयस्तरमै कृषि उद्यमको सम्भावना पनि देखाएको बेनी नगरपालिका-३ का वडाध्यक्ष पदम पुनले बताए ।

'मेहनत र लगन गर्न सके गाउँमै राम्रो सम्भावना छ भन्ने उदाहरण रुचाल दम्पतीले देखाउनुभएको छ,' उनले भने ।

कृषकलाई उत्पादनतर्फ आकर्षित गर्न वडा, नगरपालिका, कृषि विकास कार्यालय, पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (नाफा) र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनामार्फत विभिन्न कार्यक्रम सञ्चालन गरिएको वडाध्यक्ष पुनले बताए । उनका अनुसार भकिम्लीका विभिन्न बस्तीलाई फरक-फरक कृषि उत्पादनको केन्द्रका रूपमा विकास गर्ने गरी कार्यक्रम अघि बढाइएको छ । राखु, मरेक, पानीस्वाँरा र चिनाखेतमा सुन्तला, भकिम्ली र चिखाखेतमा अकबरे खुर्सानी, भकिम्ली, डोले र मुसुङमा किवी, भुकभुके क्षेत्रमा आलु, डाँडाखानी र हल्लेगौँडामा बाख्रा तथा दुधेखोलामा कुखुरापालनसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ ।

बाँझिएको पाखोमा उम्रिएका झाडी फाँडेर सुरु भएको रुचाल दम्पतीको कृषि यात्रा अहिले ओखर, सुन्तला, तरकारी र अन्य कृषि उत्पादनसम्म फैलिएको छ । वर्षौंसम्म उत्पादनविहीन बनेको पाखोमा पुनः हरियाली फर्काएर उनीहरूले श्रम र माटोबीचको सम्बन्धलाई पुनर्जीवित मात्र गरेको छैन, गाउँमै केही गर्न सकिन्छ भन्ने सम्भावनालाई पनि व्यवहारमै देखाएका छन् । *रासस*

**खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं**

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य वा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ